# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९८ | २०७६ असार ११ गते बुधबार | Wednesday, 26 June 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेता भुसाललाई मातृशोक, महासचिव विप्लवद्वारा श्रद्धाञ्जली व्यक्त

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पार्टीका केन्द्रीय सदस्य एवम् कार्यालय सचिव भेषराज भुसाल 'ध्रुव' की ममतामयी आमा उमादेवी भुसालप्रति श्रद्धाञ्जली प्रकट गरेका छन् ।

कपिलवस्तुको शिवराज नगरपालिका वडा नं. ३, खगेन्द्रनगर निवासी उमादेवी भुसालको ८४ वर्षको उमेरमा असार ४ गते बुधबार दिउँसो निवासमै निधन भएको खबरले आफू र पार्टीलाई अत्यन्त दुःखी बनाएको महासचिव विप्लवद्वारा जारी शोक तथा समवेदना वक्तव्यमा उल्लेख छ ।

महासचिव विप्लवको वक्तव्यमा भनिएको छ, 'क्रान्तिमा ... बाँकी पृष्ठ ७ मा

# सरकारी बर्बरताका विरुद्ध नेकपाको नेपाल बन्द

■ **अम्बिका चन्द**/काठमाडौँ

आफ्नो पार्टीका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेललाई हत्या गरेको विरोधस्वरूप नेकपाले आह्वान गरेको एकदिने नेपाल बन्दका कारण देश पूर्ण रूपमा ठप्प भएको छ । बन्दका कारण देशका सानाठूला सहर ठप्प भएका छन् भने लामो तथा छोटो दूरीका यातायात, उद्योग, कारखाना र शिक्षण संस्थाहरू बन्द भएका छन् ।

बन्दको दिन बन्दकर्ताहरूले देशका दर्जनौँ ठाउँमा बम विस्फोट गराएका छन् । ठाउँठाउँमा बन्दको अवज्ञा गरेको भन्दै सवारीसाधनमा आगो लगाइएका घटना पनि सार्वजनिक भएका छन् । काठमाडौँ, नुवाकोट, चितवन, नवलपरासी, रूपन्देही, दाङ, रुकुम, रोल्पा, सुर्खेत, कैलाली, पोखरा, विराटनगर, झापा, धनकुटालगायत ठाउँमा बम फेलापरेका छन् । यस्तै ठाउँठाउँमा बन्द अवज्ञा गर्ने सवारीसाधनमाथि आगो लगाइएको छ । अछाममा २ वटा वडा कार्यालयमा आगो लगाइएको छ । नेपाल बन्दको पूर्वसन्ध्यामा देशैभर मशाल जुलुस निकालिएको थियो ।

नेपाल बन्दको दिन बेलुका प्रेसविज्ञप्ति जारी गर्दै नेकपाका महासचिव विप्लवले बन्द सफल बनाउने देशभक्त, वामपन्थी शक्ति, क्रान्तिकारी शक्ति, प्रगतिशील पक्ष, पार्टी पङ्क्ति र जनता सबैलाई धन्यवाद दिएका छन् । साथै विप्लवले आफ्नो

### बन्द सफल पार्ने सबैलाई महासचिव विप्लवद्वारा धन्यवाद



पार्टीप्रति जनलहर बढिरहेका कारण अत्तालिएको सरकार क्रान्तिकारी पार्टीमाथि दमनमा उत्रिएको बताएका छन् । साथै वली सरकारले राष्ट्रघात र जनघातमा यसअघिका सरकारलाई पनि उछिनेको छ भन्दै विप्लवले आफ्नो पार्टीले आयोजना गरेको नेपाल बन्द सफल बनाउन सहयोग गर्ने देशभक्त, राष्ट्रवादी, क्रान्तिकारी शक्ति, जनता र आम पार्टीपङ्क्तिलाई धन्यवाद दिएका छन् ।

यसअघि ६ गते विज्ञप्ति बाँकी पृष्ठ ७ मा

## कुमार पौडेलका हत्याराहरूलाई कारबाही गर : भण्डारी



**काठमाडौँ** : जनअधिकार अभियान नेपालले सर्लाहीको लखन्तीमा हत्या गरिएका नेकपाका जिल्ला इन्चार्ज कुमार पौडेलका हत्याराहरूलाई तत्काल कारबाही गर्न माग गरेको छ । अभियानका अध्यक्ष वरिष्ठ अधिवक्ता एकराज भण्डारीले विज्ञप्ति जारी ... बाँकी पृष्ठ ७ मा

## नेकपाका युवा नेता नरबहादुर कार्की गिरफ्तार



**काठमाडौँ** : नेकपाका चर्चित बौद्धिक नेता नरबहादुर कार्कीलाई प्रहरीले सोमबार साँझ बालुवाटारबाट ... बाँकी पृष्ठ ७ मा

# व्यक्तिहत्याको विरोध : सडकदेखि सदनसम्म

■ **गोपाल गिरी**/काठमाडौँ

प्रहरीको गोलीबाट मारिएका नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको विषयलाई लिएर चौतर्फी विरोध भएको छ । राजनीतिक पार्टीका नेतालाई नक्कली भिडन्तका नाममा नियन्त्रणमा लिएर कुमार पौडेलको हत्या भएको भन्दै सत्तारूढ पार्टीका नेता-कार्यकर्ताले नै विरोध गरेका छन् भने पौडेल हत्याकाण्डको विषय संसद्मा समेत प्रवेश गरेको छ । संसद्मा सत्तापक्ष र प्रतिपक्षका सांसद तथा विभिन्न पार्टीसँग सम्बद्ध पार्टीका नेता, कार्यकर्ता, भ्रातृ सङ्गठनका नेताहरूले समेत कुमार पौडेल हत्याकाण्डका बारेमा सरकारसँग जबाफ माग गरी राजनीतिक व्यक्तिको हत्यामा सरकार उत्रिएको भन्दै सरकारी कदम ठीक नभएको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सरकारी नेकपाका नेता शिवकुमार मण्डल, काङ्ग्रेस नेता दिलेन्द्रप्रसाद बडु, मीना पाण्डे, जनार्दन शर्मा 'प्रभाकर' लगायतले संसद्मै कुमार पौडेल हत्याकाण्डका बारेमा सरकारसँग जबाफ माग गरेका छन् । उनीहरूले आस्थाका आधारमा व्यक्तिहत्या गर्न नहुने भन्दै घटनाको प्रकृति हेर्दा मुठभेड नभई नियन्त्रणमा लिएर गोली हानिएको बताएका छन् । उनीहरूले संसद्मा सरकारलाई प्रश्न गरेका छन्- मुठभेडमा मारिएको व्यक्तिको हात कसरी पाँच-छ ठाउँमा भाँचिन्छ ? सांसदहरूले पौडेल हत्याका विषयमा सदनलाई जानकारी गराउन माग गरे । उक्त विषयलाई लिएर गृहमन्त्री रामबहादुर थापाको राजीनामासमेत मागिएको छ । चौतर्फी दबाबपछि संसदीय सुनुवाइ समितिले हत्याकाण्डको छानबिन गर्न एक समितिसमेत गठन गरेको छ । यता राष्ट्रिय मानवअधिकार आयोगले पनि उक्त हत्याकाण्डको अनुसन्धान सुरु गरिसकेको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण' ले सरकार व्यक्तिहत्यामा उत्रेको र फासिवादी शासनको अभ्यास गरेको बताएका छन् । साथै उनले यो सरकार नक्कली कम्युनिस्ट सरकार हो भन्ने कुरा उनका व्यवहारले पुष्टि गरेको बताएका छन् ।

यसैबीच पूर्वमन्त्री एवम् माओवादी केन्द्रका नेता लोकेन्द्र बिष्टमगरले के कुमार पौडेल भिडन्तमै मारिएका हुन् त भन्ने ... बाँकी पृष्ठ ७ मा

## कपिलवस्तुमा जनस्वास्थ्यकर्मीको नि:शुल्क स्वास्थ्य शिविर



■ **प्रकाश डुम्रे**/कपिलवस्तु

झमझम पानी दर्किरहेको थियो । कोही छाता ओडेर त कोही भिज्दै लामो लाममा उभिइरहेका थिए । कपिलवस्तुस्थित शिवगढी नपा ३ भगवानपुरको नेपाल राष्ट्रिय आधारभूत विद्यालय प्राङ्गणमा हजारौँको सङ्ख्यामा सर्वसाधारण उपस्थित थिए ।

कुनै व्यवस्थित स्वास्थ्यचौकीजस्तो देखिएको उक्त स्वास्थ्य शिविरको व्यवस्थापन र आयोजना सहिद स्मृति प्रतिष्ठान कपिलवस्तुले गरेको हो । हरेक कक्षाकोठामा विभिन्न वार्ड र विभागहरू बनाइएको थियो । शिविर सञ्चालन भने ... बाँकी पृष्ठ ७ मा

## मानवअधिकार आयोगले थाल्यो कुमार पौडेलको हत्याको अनुसन्धान




■ **भीम प्रसाद चापागाईं**/काठमाडौँ

सर्लाहीको लखन्तीमा असार ५ गते प्रहरीले दोहोरो भिडन्तका नाममा नेकपाका जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या गरेको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान सुरु गरेको जनाएको छ ।

घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै आयोगले एक विज्ञप्ति जारी गरी अनुसन्धान सुरु गरिएको जनाएको हो । आयोगका सचिव/प्रवक्ता वेद भट्टराईद्वारा ६ गते जारी विज्ञप्तिमा भनिएको छ, 'दोहोरो भिडन्तका क्रममा प्रहरीको गोलीबाट यही असार ५ गते नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का जिल्ला इन्चार्ज कुमार पौडेलको मृत्यु भएको भनिएको घटनाप्रति आयोगको गम्भीर ध्यानकर्षण भएको छ ।'

आयोगका अनुसार घटनाको सत्यतथ्य ... बाँकी पृष्ठ ७ मा

## कुमार पौडेल हत्याकाण्ड छानबिन गरी एक साताभित्रै प्रतिवेदन बुझाउन गृह मन्त्रालयलाई निर्देशन







■ **झनक श्रेष्ठ**/काठमाडौँ

संसद्को राज्य व्यवस्था समितिले नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेल मारिएको घटनाबारे छानबिन गरेर एक साताभित्र प्रतिवेदन बुझाउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ । सोमबार गृहमन्त्री रामबहादुर थापा बादल र प्रहरी प्रमुख सर्वेन्द्र खनालसँग घटनाबारे जानकारी लिएको समितिले एक साताभित्र सत्यतथ्य प्रतिवेदन बुझाउन निर्देशन दिएको हो ।

प्रहरीको गोली लागेर यही असार ५ गते लालबन्दीमा पौडेलको मृत्यु भएको थियो । जबाफी कारबाहीका क्रममा पौडेल मारिएकोसरकारी पक्षको दाबी रहे पनि सत्तापक्षकै र प्रतिपक्षी सांसदहरूले समेत त्यसमा शङ्का व्यक्त गर्दै सत्यतथ्य छानविनको माग गर्दै आएका छन् । मुठभेडमा मारिएको भनिएका कुमार पौडेलको हात ६-७ ठाउँमा कसरी भाँचियो ? भनेर सांसदहरूले प्रश्न उठाएका छन् । यस्तै सोमबारको बैठकमा पूर्वगृहमन्त्रीसमेत ... बाँकी पृष्ठ ७ मा

# सांस्कृतिक क्रान्ति र विश्वदृष्टिकोण

**देश/परिवेश**

■ हेमन्तप्रकश ओली 'सुदर्शन'



विश्व साम्यवादी आन्दोलनको मूल समस्या भनेको विश्वदृष्टिकोणको समस्या हो । विश्वदृष्टिकोणको समस्याले गर्दा नै सोभियत सङ्घ, पूर्वीयुरोप र पूर्वीएसियामा प्रतिक्रान्ति भएको हो । यही कारणले गर्दा नै टर्की, फिलिपिन्स, चिली, इन्डोनेसिया, निकारागुवा, पेरू र नेपालमा विजयको सन्निकट पुगेका क्रान्तिहरू असफल भएका हुन् । मार्क्सवाद भनेको कुनै जीवनहीन जडसूत्र होइन, बरु यो परिस्थितिको विकाससहित जीवनशैलीमा जीवन्त ढङ्गले अभिव्यक्त हुने दर्शन हो । सिद्धान्तमा भौतिकवादको वकालत र जीवनशैलीमा अध्यात्मवाद मार्क्सवाद होइन । यही समस्याको समाधान गर्न माओले चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो । दर्शनलाई जीवनमा लागू नगर्नु र जीवनमा आएको निरन्तर विकासको गतिलाई दर्शनमा नसमेट्नु नै प्रतिक्रान्तिको कारक हो ।

साम्यवादी समाज व्यवस्था एकैपटक आकाशबाट खस्ने अथवा धर्तीबाट उम्रने कुरा होइन । म साम्यवादी दलको सदस्य भैसकेको छु भने मैले आजै र अहिल्यैदेखि त्यस व्यवस्थाका लागि न्यूनतम् आचरणको नमुना बन्दै जानुपर्दछ । परिवारलाई समाजवाद र साम्यवादको एकाइमा विकास गर्ने कोसिस गर्नुपर्दछ । प्रथमतः मभित्र र द्वितीयतः परिवारभित्र प्रतिक्रान्तिका बीजहरू रहने भएकाले त्यहाँबाटै सांस्कृतिक क्रान्ति चलाउनु पर्दछ । विश्वदृष्टिकोणसम्बन्धी स्कुलिङ चलाउनुपर्दछ । हाम्रा भूतपूर्व कमरेडहरूले सधैँभरि बत्तीमुनि अँध्यारो पारिराख्नुभयो । जीवनसाथीले जीवनसंगिनीलाई र जीवनसंगिनीले जीवनसाथीलाई सचेत बनाउने, दर्शनशास्त्र सिकाउने काम भएन । आमाबाबाले छोराछोरीलाई र छोराछोरीले आमाबाबालाई विश्वदृष्टिकोणमा पढाउने काम भएन । हामी बसेको घर र हाम्रो खेतबारी सामूहिक श्रमको उत्पादन हो भन्नेतिर हामीले कुरै गरेनौँ । पहिले जनवादी क्रान्ति गर्नुपर्दछ र यसलाई वैज्ञानिक समाजवादमा विकास गर्नुपर्दछ । संसारका अधिकांश देशहरूमा वैज्ञानिक समाजवाद आएपछि साम्यवाद आउँछ भनेर ठूलाठूला कुरा त हामीले गर्‍यौँ तर समाजवाद र साम्यवाद मबाट र हाम्रै परिवारबाट लागू गर्नुपर्दछ भन्ने कुरा हामीले बुझेनौँ र अरूलाई बुझाएनौँ । अरूलाई मार्क्सवाद पढायौँ तर आफूले पढेनौँ । अरूका छोराछोरीलाई त हामीले मार्क्सवाद पढायौँ तर आफ्नै छोराछोरीलाई पढाएनौँ । अरूका ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# सत्ता–क्रूरताको पराकाष्ठा

*म जलिनँ भने*
*तिमी पनि जल्नेछैनौ*
*हामी कोही जलेनौं भने*
*अँध्यारो रात कसरी हट्ला ?*

**नाजिम हिक्मत**

कवि नाजिम हिक्मतको यो कवितांशले भनेझैँ मुलुकलाई अन्धकारबाट मुक्ति दिलाउनका लागि सचेत क्रान्तिकारीहरूले आफैँ जल्नैपर्ने अवस्था उत्पन्न भएको छ। एकीकृत जनक्रान्तिका नवौं सहिदका रूपमा नेकपा सर्लाहीका लोकप्रिय युवानेता कुमार पौडेलको बलिदानपछि उत्पन्न प्रतिक्रियापछि अब सिङ्गो मुलुक सत्ताको आततायी चरित्रका विरुद्ध एकजुट भएर उठिरहेको छ।

यतिबेला मुलुक सत्ताको क्रूरता भोगिरहेको छ। सत्ताले बाँच्ने, लेख्ने, बोल्ने, सङ्गठन निर्माण गर्ने स्वतन्त्रताका मौलिक र आधारभूत हकअधिकारहरूको हत्या गरिरहेको छ। सत्ताले शक्तिको दुरुपयोग गर्दै निहत्था मानिसहरूको निर्मम हत्या गरिरहेको छ र हत्या गरिसकेपछि दोहोरो मुठभेडको बहाना बनाएर हातमा पेस्तोल थमाइदिने नग्न हर्कत गरेको छ। नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको हत्यापछि सरकारले गरेको दोहोरो भिडन्तको नाटकले सरकार दमन, हत्या र षड्यन्त्रको कुन दिशातर्फ गइरहेको छ भन्ने बुझ्न कुनै कठिनाइ छैन। यो निन्दनीय हर्कतको जति भर्त्सना गरे पनि कमै हुन्छ।

संसारमै क्रूर शासकहरूको सूचीमा हिटलर, मुसोलिनी, जार, च्याङ काइसेक र प्रायः अमेरिकी शासकहरूको नाउँ आउँछ। नेपालमा राणा, पञ्च र शाही शासकहरूले पनि यसमा कुख्याती कमाएका हुन् । २००७ सालको आन्दोलनपछि स्थापित सरकारका गृहमन्त्री बीपी कोइरालाको आदेशमा त्रिचन्द्र कलेजमा अध्ययनरत विद्यार्थी चिनियाकाजीको हत्या गरियो । त्यसलगत्तै विद्रोही किसाननेता भीमदत्त पन्तको हत्या भयो । पञ्चायत कालमा झापाका विद्रोही र वैज्ञानिक समाजवादका पक्षधर क्रान्तिकारीहरूलाई निर्दयतापूर्वक हत्या गरियो । जनयुद्धका क्रममा शाही शासकहरूले अत्यन्त निर्दयतापूवर्कक मानिसको हत्या गरेकाले तत्कालीन शाहीसेना र शाही शासकहरू मानवताविरुद्धको अपराधमा संसारमै कुख्यात कहलाइएका थिए। ज्ञानेन्द्र शाहीदेखि गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, कमल थापा, रुक्माङ्गद कटुवालहरूको नाउँमा यो कुख्यातीको अभिलेख छ। यतिबेला कम्युनिस्टको झन्डामुनि, समाजवादको ब्यानरमा केपी, पीके र रामबहादुर थापा सरकारले विगतका कुख्यातीको इतिहासलाई उछिन्दै विरोधीहरूको कत्लेआम गर्ने कुख्यात अभियान आरम्भ गरेका छन्। गत जेठ ७ गते भोजपुरमा नेकपाका युवा नेता तीर्थ घिमिरे 'राजु' को निहत्था अवस्थामा गरिएको हत्यादेखि असार ५ गते सर्लाहीमा कुमार पौडेलको हत्यासम्म आइपुग्दा वली सरकार र रामबहादुर थापा गृहप्रशासन संसारका सबैखाले हत्या र दमनलाई बिर्साउने गरी दमनमा उत्रिएको देखिन्छ। यी सबै घटना निन्दनीय र भर्त्सनायोग्य छन्। यी कुनै पनि हर्कतमा न्यायका पक्षपातीहरू सहमत हुन सक्तैनन्। यतिबेला सत्तामा रहेका र नरहेका नेताहरूबाट समेत यी क्रूर र अमानवीय हत्याको विरोध र छानबिन माग हुनुले यसको अवस्था अनुमान लगाउन सकिन्छ।

वली सरकार र वर्तमान दलाल पुँजीवादी स्वार्थमा टिकेको सत्ता अब खुलेरै जनताको, सचेत नागरिकको र विद्रोहीको हत्या गर्न उद्यत रहेको छ। नेकपाका नेता कुमार पौडेललाई गिरफ्तार गरी दुवै हात ठाउँठाउँमै भाँचेर टाउकामा गोली हानी हत्या गरिएपछि यो पाशविकता र क्रूरताको सर्वत्र निन्दा र आलोचना भएको छ। यही हत्याकाण्डका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले १० गते नेपाल बन्दसहित आमहडतालको आह्वानसमेत गऱ्यो। नेपाल बन्द र त्यसको पूर्वसन्ध्यामा देशभर विस्फोटका घटनाहरू भए। नेपाल बन्दमा देखिएको अपार जनसमर्थनले यो सरकारका विरुद्ध सबै तह र तप्का आक्रोशित छन् र यसको आयु धेरै छैन भन्ने प्रस्ट भएको छ।

विपक्षी र विशेषगरी वर्तमान सत्ताविरुद्ध वैज्ञानिक समाजवाद स्थापनाका लागि विविध गतिविधि गरिरहेको नेकपाविरुद्ध दमनमा केन्द्रित भएको वली सरकार सहिदको खेती गरेर मुलुकमा मुठभेड बढाउने र युद्ध लादेर सङ्कटकाल घोषणा गरी आफ्नो सकिनै लागेको आयु बढाउने योजनामा देखिन्छ। एकातिर सत्ताधारीहरू कसरी दलाल संसदीय सत्ता जोगाउने भन्ने ध्याउन्नमा छन् र धमाधम निहत्था विद्रोहीहरू खोजीखोजी नियन्त्रणमा लिएर गोली हान्दै सिध्याउने र आफ्नो रक्तपिपासु सत्ता जोगाउने मृगमरिचिका र दुःस्वप्न देखिरहेका छन्, अर्कातिर यो सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद स्थापनाका लागि वर्गयुद्धमा लामबद्ध भएर रगत बगाउन तम्सिएका युवाहरूको ताँती थेगिनसक्नु गरी जुर्मुराएको छ।

नेपाल र नेपाली जनताले लामो समयदेखि राजनीतिक नेतृत्वबाट धोका पाउँदै आएका छन् । एक समयसम्म आन्दोलनको नेतृत्व गर्ने र एउटा अवस्थामा पुगेपछि वर्गस्वार्थ छाडेर समूह र परिवारस्वार्थमा लिप्त हुने खराब परम्परा बसिसकेको छ। आफ्नो चिन्तनमा आएको स्खलनलाई ढाकछोप गर्नका लागि उनीहरूले न्यायका पक्षपातीहरूमाथि विभिन्न आरोप थोपर्ने गरेका छन्। ०७ सालमा दिल्ली सम्झौतामा गएको काङ्ग्रेसले कम्युनिस्ट पार्टीलाई, तत्कालीन चौथो महाधिवेशनले झापा विद्रोहीलाई, झापा विद्रोह हुँदै संसद्वादमा डुबेको एमालेले तत्कालीन माओवादीलाई र वर्तमानमा सरकारी नेकपा र सरकारले विद्रोही नेकपालाई उग्रवादी/आतङ्ककारी घोषणा गरेका छन्। तर इतिहास साक्षी छ, प्रायः हरेक युगमा सत्ताले आतङ्ककारी घोषणा गरेकाहरू क्रान्तिकारी बनेर आमूल परिवर्तनका पक्षमा रहने गरेका छन् । वर्तमानमा पनि नेकपाले देश र जनताका पक्षमा एकीकृत जनक्रान्ति अघि बढाइरहेको छ र जनताको मन जित्दै गएपछि सरकारले दमन उग्र बनाउँदै लगेको छ । भोजपुरदेखि सर्लाहीसम्मको हत्या यसैको परिणाम हो । सरकारका यसप्रकारका गैरन्यायिक हत्याशृङ्खलाका विरुद्ध जनमत एक भएको छ। सरकारका यस किसिमका निन्दनीय क्रियाकलापका विरुद्ध जनमत अझै एक भएर वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा बढ्नु आवश्यक छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कमरेड कुमार र उनीहरू



माइला लामा

असार ५ गते दिनभरजस्तै सर्लाही-लालबन्दी १ लखन्ती खोलामा भएको घटनाले सनसनी मच्चायो । नेपाल प्रहरीको केन्द्रीय कार्यालय, प्रदेश २ मुख्यालय र सर्लाही जि.प्र.का.ले 'विप्लव समूहका कार्यकर्ता सर्लाही इन्चार्ज कुमार पौडेल प्रहरीसँगको दोहोरो भिडन्तमा मारिएको र उनको साथबाट हतियार बरामद भएको' भन्ने साबिती बयान सञ्चार माध्यम र जनतालाई दिएर अचम्मको बहादुरी प्रदर्शन गरेको प्रचार गर्दै थिए। तर हाम्रो पार्टीको केन्द्रीय नीति न सरकारी सुरक्षाकर्मीउपर हमला गर्ने नै छ, न त सशस्त्र युद्धको घोषणा नै छ। त्यसैले हामी ढुक्क थियौँ- यो नक्कली र झूट्टो प्रचार मात्रै हो।

एकातिर केपी वली नेतृत्वको दलाल र फासिवादी सरकार नौजवान युवकयुवतीहरूलाई विदेशमा बेचेर तिनको रगतपसिनामा मस्ती गरिरहेको छ भने अर्कोतिर जनताको रक्षक मानिएको नेपाल प्रहरी दिनदहाडै बाटो ढुकेर 'मुलुकलाई पराधीनता र गरिबीबाट मुक्त गरौँ' भन्ने आवाज बोकेर हिँडेको युवकलाई गोली ठोक्छ र गर्छ प्रचार मुठभेडको।

प्रिय पाठकवृन्द ! एकछिन आँखा बन्द गरेर सोचौँ त- यो कति क्रूर र निर्दयी घटना छ ! के यसको सत्यतथ्य बाहिर ल्याउनु पर्दैन ? यसैगरी बर्दी र बन्दुकको दुरुपयोग बढ्दै जाने हो भने र यसको विरुद्धमा क्रान्तिकारीहरूले पनि बन्दुक उठाउने हो भने के होला देशको स्थिति ? के हाम्रो प्रहारको सामना गर्न सक्छन् दलालहरू ? निःशस्त्र कार्यकर्ता कुमारको टाउकोमा गोली ठोकेर बडो पुरुषार्थ देखाए भन्ने हत्याराहरू के जनताको बन्दुकका सामु उभिन सक्छौ ? फायर जनताले पनि खोले भने के होला नेपालको हालत ? आमा बेचेर बोरामा पैसा पोको पार्ने दलालहरूलाई न देशको चिन्ता छ, न त जनताको। न यिनलाई चिन्ता छ युद्धले निम्त्याउने भयङ्कर विपत्तिको। त्यसो हो भने नेपाल प्रहरीका अफिसर र जवानले सोच्नु पर्दैन आदेश सही छ कि गलत भनेर ? अनि अपराधीहरूले दिएको फर्मान हुबहु लागू गर्न पुगे कहाँ रहला नेपाल प्रहरी सचेत, सतर्क र चेतनशील शक्ति हो भन्ने परिचय ? कहाँ बाँकी रहला मानवताको मूल्य र मान्यता ? कहाँ रहला प्रहरीको सत्य सेवा सुरक्षणमूको नारा ? के होला मुस्कानसहितको सेवा नेपाल प्रहरीको ? कहाँ रहला जनता-प्रहरी मैत्री वातावरण ? कहाँ रहला समुदायसँग प्रहरी अभियानको मर्म ? त्यसैले हामी नेपाल प्रहरकि सम्पूर्ण अधिकृत र जवानहरूलाई अपिल गर्न चाहन्छौँ- माथिको आदेश पालना गर्नुअघि एकपटक हैन, दसपटक हैन, सयपटक सोच्नुहोस्- म कसका लागि, के गर्न जाँदैछु भनेर, गहिरो जिम्मेवारीबोधका साथ सोच्नुस्, विदेशमा बेचिएका अस्मिता लुटिएका तपाईंका दिदीबहिनीको अवस्था, घोत्लिएर सोच्नुस्- पैसा कमाउन विदेश गएको तपाईंको पल्लाघरे कान्छा काकाको छोरा बाकसमा लास बनेर फर्किएको अवस्था । निधारमा हात राखेर सोच्नुस् भ्रष्टाचारले खोक्रो बनाएको, इमानदारी र नैतिकताको खडेरी परेर अस्तव्यस्त भएको मुलुक र समाजको अवस्था अनि निकाल्नोस् निष्कर्ष र बढाउनोस् पाइला ! क. विप्लवको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टी र यसका नेता, कार्यकर्ता राष्ट्रको बर्बादीका निम्ति जिम्मेवार छन् भने लखन्ती खोलाको बाटो ढुकेर नक्कली मुठभेडमा कुमारहरू मार्नै पर्दैन। आदेश जारी गर्नोस्- हामी प्रहरी हेडक्वार्टरमै आउँछौँ, खुलामञ्चमा लगेर फाँसीमा झुन्ड्याउनुहोस्। हामी हाँसीहाँसी मृत्युवरण गर्न तयार छौँ। तर राष्ट्र र जनताको बर्बादीको जिम्मेवार वर्तमान दलाल र फासिवादी पार्टी र तिनका नेता हुन् भने तपाईंलाई तिनको आदेश मान्नुपर्ने कुनै बाध्यता छैन। तपाईं आफूलाई किन कलङ्कित बनाउनुहुन्छ ? जब एक दिन वास्तविकता सतहमा आउँछ, तपाईंको आत्माले कहाँ पाउँछ शान्ति ? जब तपाईंको सन्तानले सोध्नेछ, 'बाबा, कुमार अङ्कललाई किन गोली हान्नुभो ?' तपाईंको छाती पीडाले भत्भती पोल्नेछ । छोरालाई के जबाफ दिनुहुन्छ ? त्यतिबेला के आफूलाई नढाँटी गर्वका साथ भन्न सक्नुहुन्छ- त्यो अपराधी थियो, ठोकिदिएँ गोली ! सक्नुहुन्छ भन्न ? अहँ सक्नुहुन्न, कदापि सक्नुहुन्न किनकि मानिसले दुनियाँमा सारा संसारलाई ढाँट्न सक्छ तर आफूले आफैँलाई कदापि ढाँट्न सक्दैन ।

५ गते लखन्ती खोलामा नक्कली मुठभेडमा मारिएका क. कुमारको तस्बिर पहिलोपटक सार्वजनिक भयो सञ्चारकेन्द्र भन्ने अनलाइनमा । म धेरैबेर घोत्लिएँ फोटोमा किनकि त्यहाँ मेरो एक सहयोद्धा थियो र थियो ऊ मृत । मलाई जोडजोडले क. कुमार, क. कुमार भनेर बोलाउन मन लाग्यो । उनलाई अँगालोमा बेर्न मन लाग्यो किनकि चुरेको पाखैपाखा हामी सँगसँगै हिँडेका दिनहरू ताजै छ मेरो मानसपटलमा । तर कुमार यतिबेला कहिल्यै नफर्किने गरी सहिदहरूको पङ्क्तिमा लामबद्ध भइसकेका छन् ।

लखन्ती खोलाको सुनसान बाटो । अँधेरोअँधेरो, बाँसका झ्याङ र त्यही तस्बिरमा लडेको छ क. कुमारको मृत शरीर । गहिरिएर तस्बिर हेर्नेले प्रस्ट थाहा पाउँछन्- उनका दुवै हातहरू ठाउँठाउँमा भाँच्चिएका छन्- मानौँ भिडन्त भयङ्कर भएको थियो र भाँच्चिएको हातमा थमाइएको छ सरकारी बन्दुक र बन्दुकसँगै चिर निद्रामा देखिन्छन् कुमार, धर्ती अमाको काखमा कहिल्यै नउठ्ने गरी । निधारमाथिको भाग जहाँ गोली लागेको छ, देशप्रेम र वर्गप्रेमले भरिएको उनको रातो, गाढा रातो रगत धर्ती आमाको छातीभरि पोखिएको छ। यस्तो प्रतीत हुन्छ, बगिरहेको रगतले भनिरहेछ- आमा, मैले तिमीलाई देशद्रोही जुवाडेको हातबाट मुक्त गर्न सकिनँ, मलाई माफ गर । तस्बिरमा देखिन्छ भाँचिएको हातमा थमाइएको पेस्तोल- मानौँ पेस्तोलले भनिरहेछ मरेको मान्छेको हातमा मेरो कुनै काम छैन । कोही बहादुर ज्यूँदा छौ भने उठाऊ मलाई र दनादन फायर गर कुमारका हत्यारालाई। सम्भवतः कुमारले चढेको मोटरसाइकल हुनुपर्छ उनको ढलेको शरीरनजिक ठिङ्ग ठडिएको ! कुमारको शवनजिकै ठिङ्ग उभिएको मोटरसाइकलाई देख्दा यस्तो लाग्छ- षड्यन्त्रको सिकार भएको घोडचढी दुस्मनको हमलामा परेर मारिएपछि त्यो घोडा आफ्नो मालिकलाई नछोडेर कतै जान सक्छ न मालिकलाई उठाउन नै सक्छ । मालिक गुमाएको उदास र निराश घोडा पीडामा वरपर छट्पटाइरहन्छ । त्यस्तै स्थितिमा छ क. कुमारको घोडा (मोटरसाइकल) गोली हानिएको ठाउँ नजिकको बाँसको झ्याङले कालो कर्तुत भनिरहेझैँ लाग्छ। सम्भवतः सादा पोसाकका प्रहरी हुनुपर्छ शवको टाउको पछाडि उभिएका उनीहरूको अनुहार तस्बिरमा हेर्दा यस्तो भान हुन्छ उनीहरू अपराध कसरी छिपाउने सोचिरहेछन्। सञ्चार केन्द्र अनलाइनले प्रकाशन गरेको यो तस्बिर कुमारको हत्यामा संलग्नबाहेक कसैले खिच्न नसक्ने दुर्लभ तस्बिर सार्वजनिक गरेर आफ्नो पहुँच र परिचय बताएको छ।

षड्यन्त्रकारीहरूको घातक हमलाको सिकार भएर ढलेका रक्तमुच्छेल क. कुमारको तस्बिर देखेपछि मेरो मनको कुनाकुनामा विद्रोह दौडिएको छ र हजार प्रश्नले मलाई घचघच्याएको छ। शरीरको नसानसामा अटेसमटेस भएर रातो रगत दगुरिरहेको छ। मुटुको चाल तीव्र बनेको छ। कापीका पानाहरूमा दौडिरहेको कलमको निब अझ जोडले दबाएर उग्रउग्र कुरा लेखौँ लागिरहेछ। आपराधिक चरित्र बोकेको हत्यारो सरकारको उच्च सूचीमा रहेका कमरेडहरूले आफ्ना कानहरू चनाखो राख्नुपर्छ, आँखाहरू तेज र तिखा राख्नुपर्छ। हरपल उच्च सतर्कतामा जनताको माझमा राख्नुपर्छ । क. विप्लवले विज्ञप्तिमा 'सक्रिय रक्षा' भनेझैँ। किनकि मान्छेको रगत पिउन बानी परेका नरपिचासहरू हिजोआज गाउँ-सहरमा मृत्युको खेती गर्न दौडिरहेका छन्। कतै हामीभन्दा ऊ अगाडि नहोस्।

# प्रतिबन्ध र जनआक्रोश



धीरेन्द्रा उपाध्याय 'भृकुटी'

यतिबेला हामी शोकलाई शक्ति र शक्तिलाई आक्रोशमा बदल्दै साहस, साहस फेरि पनि साहसका साथ समाजको मुक्ति र परिवर्तनका लागि अगाडि बढ्दैछौँ । वर्गीय दृष्टिकोण के हो ? यसको गहिराइ कति रहेछ ? भन्ने दिनप्रतिदिन महत्त्वबोध हुँदैछ। कस्तो वर्गीय दृष्टिकोणले कुन वर्गको सेवा गर्छ, व्यवहारमा पुष्टि भएकै छ। समाजमा स्थापित संस्कार र संस्कृति कस्तो छ ? राज्यव्यवस्था कस्तो विधि र विधानअनुसार चलेको छ ? त्यसले समाजलाई अग्रगमनतिर धकेलेको छ वा पश्चगमनतिर ? त्यो राष्ट्रनायकले अवलम्बन गर्ने दृष्टिकोणले निर्धारण गर्दछ। जुन राष्ट्रनायक सर्वहारावर्गीय दृष्टिकोणले वेष्ठित छ उसले राजनीतिलाई निःस्वार्थ जनसेवाका रूपमा लिन्छ। शासकवर्गीय दृष्टिकोणले सुसज्जित राष्ट्रनायकले राजनीतिलाई कमाइखाने भाँडो बनाउँछ। व्यक्ति सम्पन्न हुन्छ तर देश र जनतालाई कङ्गाल बनाउँछ । त्यसको उदाहरणका रूपमा नेपाललाई लिन सकिन्छ । प्रचण्ड, बाबुराम र वादलहरूले जहिलेसम्म सर्वहारावर्गीय दृष्टिकोण अवलम्बन गरिहेका थिए त्यसबेलासम्म उनीहरू गाउँका गरिब, किसान, मजदुर, सुकुमबासी, जनयुद्ध र जनआन्दोलनका सहयोद्धा, घाइते कमरेडहरू, सहिद र बेपत्ता परिवारप्रति माया गर्थे । राष्ट्र र जनताका शत्रुप्रति घृणा र आक्रोश व्यक्त गर्थे । जब उनीहरू शासक वर्गमा परिणत भए, त्यसपछि जनयुद्ध र जनआन्दोलनका सहकर्मी किसान, मजदुर, सुकमबासी, सहिद र बेपत्ता परिवारलाई देख्दै रिस उठ्ने अनि जनताको रगत र श्रम कुल्चँदै मोटाएका शोषक वर्गप्रति माया लाग्ने अवस्था उनीहरूमा सिर्जना भयो । तसर्थ आगामी मुक्ति र परिवर्तनका लागि सङ्घर्षशील नेता र कार्यकर्ताहरूले पहिलो जोड सर्वहारावर्गीय दृष्टिकोणमा लगाउनुपर्छ । दोस्रो, दृष्टिकोणअनुसार नीति निर्माण गर्नुपर्छ । तेस्रो, योजना निर्माण र कार्यान्वयनमा मुख्य जोड दिँदै इतिहासबाट शिक्षा लिँदै वर्तमानमा अगाडि बढ्नु प्रत्येक नागरिकको कर्तव्य बनाउनुपर्छ । अनि मात्र स्वाधीनता, समृद्धि, समानता र शान्तिसहितको राष्ट्र निर्माणको दायित्व पूरा हुन्छ।

**क) परिवर्तित परिवेशमा जनताका अपेक्षा**

विगतदेखि वैदेशिक हस्तक्षेप साथै सत्ता र संरचना परिवर्तनका लागि देशभित्र सञ्चालित आन्दोलनमा नेपाली जनताले ठूलो त्याग, तपस्या र बलिदान गरेको प्रस्टै छ। सत्ता परिवर्तनका लागि सुरु गरिएको नेपाली जनयुद्धमा त नेपाली आमाका १७ हजार सपूतहरूले बलिदान गर्नुभयो । थुप्रै दिदीबहिनीको सिउँदोको सिन्दुर पुछियो । केही अङ्गभङ्ग र घाइते हुनुहुन्छ। तत्कालीन राज्य पक्षले गरेको दमनबाट थुप्रै गाउँले जनताले घर छोडेर भाग्नुपरेको थियो। थुप्रै बस्तीहरू उजाड भएका थिए। छ महिनाको दूधे बालकदेखि ७० वर्षका वृद्धवृद्धासम्मले गोलीको सिकार हुनुपरेको थियो । थुप्रै दिदीबहिनीहरू बलात्कृत हुनुपरेको थियो । तीन महिनाका सुत्केरीले मारिनुपरेको थियो । राज्यका दृष्टिमा ढुङ्गोमाटोसमेत माओवादी भएको थियो। त्यसबेला बगेको रगतको आहाल सुकेको छैन । गोली लागेर घाइते भएकाहरूका चहऱ्याइरहेका घाउहरू अझै पुरिएका छैनन्। टुहुरा बच्चाबच्ची आमाबुबाको अभावमा भौँतारिरहेका छन् । व्यवस्था परिवर्तनका सपना सपनामा मात्र सीमित भए। आदर्शका मालिकहरू व्यवहारका दास हुन्छन् भनेझैँ भ्रष्टाचारमुक्त, दलालीकरणमुक्त, वैदेशिक हस्तक्षेपमुक्त बेरोजगारमुक्त, कुशासनमुक्त देश निर्माण गर्ने योजना आदर्शमा मात्र सीमित भयो। उल्टै जनयुद्धकालमा रगत र पसिनाबाट साटिएको सम्पत्ति पार्टी, सेना, सत्ता र हतियार लिएर प्रचण्ड, बाबुराम र वादलहरू पुरानो सत्तामा विलय हुनपुगे । थुप्रै कमरेडलाई जनयुद्ध लडेको अपमान महसुस गराउँदै अयोग्यको प्रमाणपत्र हातमा थमाएर आँसु पुछ्दै घर फर्कन बाध्य पारे । उनीहरू जनयुद्धको समग्र उपलब्धि परित्याग गर्दै गणतन्त्र र धर्मनिरपेक्षताजस्तो आंशिक उपलब्धिमा रमाउँदै सर्वहारा वर्गीय दृष्टिकोणबाट विचलित भए।

विद्रोह गर्नु जनताको अधिकार हो भन्ने मान्यतालाई आत्मसात गरी सर्वहारा वर्गीय दृष्टिकोणलाई अवलम्बन गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेर क्रान्तिको झन्डा झुक्न नदिने कसम खाई कमरेड विप्लवको नेतृत्वमा नेकपाको पुनर्गठन भएको छ । नेकपाले दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्न नयाँ रणनीति र कार्यनीति तय गर्दै देशभरि योजना कार्यान्वयन गर्दै अगाडि बढेको छ। छोटो समयमा सर्वहारा वर्गीय दृष्टिकोण कमजोर परिरहेका बेला वैचारिक हिसाबले अध्यात्मवादी आदर्शवादी दृष्टिकोणलाई चुनौती दिँदै द्वन्द्वात्मक ऐतिहासिक दृष्टिकोण स्थापित गर्न पुगेको छ । अहिले राजनीतिक हिसाबले पार्टी दलाल संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादी व्यवस्थाका पक्षमा वैकल्पिक शक्तिका रूपमा स्थापित भएको छ । सङ्घर्षका हिसाबले मार्क्सवादको आधारभूत सिद्धान्त बल प्रयोग, सर्वहारा वर्गको अधिनायकत्व र सशस्त्र सङ्घर्षलाई आत्मसात गर्दै देशैभरि दलालीकरण, भ्रष्टाचार, बलात्कार, तस्करी र माफियाहरूलाई निशाना बनाउँदै सङ्घर्ष अगाडि बढ्यो । सङ्गठनका क्षेत्रमा देशैभरि सुदृढीकरण तथा विस्तारीकरण मार्फत सङ्गठन व्यवस्थित र भौतिक शक्तिका रूपमा स्थथापित हुनपुगको छ। पार्टीप्रति सर्वहारा, श्रमजीवी र राष्ट्रप्रेमी वर्गको आशा र विश्वास बढ्दै गएको छ। यसबाट अत्तालिएर २०७५ फागुन २८ गते सरकारले पार्टीमाथि नै प्रतिबन्ध लगउने घोषणा गऱ्यो। प्रतिबन्धका विरुद्ध सच्चा परिवर्तनका पक्षधर राष्ट्रप्रेमी जनसमुदाय, बुद्धिजीवी, नागरिक समाज, कानुन व्यवसायीहरूबाट दलाल सरकारप्रति आलोचना र आक्रोश व्यक्त भएको छ। सरकार चारैतिरबाट घेराबन्दीमा परेको छ। नेकपाको नेतृत्व र कार्यदिशा स्थापित र सशक्त बन्दै गएको छ । अहिले सरकार सङ्कटका भुमरीमा पर्दै गएको छ।

**प्रतिबन्ध र जनआक्रोश**

नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्धलाई प्रचण्ड-वादलहरूले आफ्नो साहसिक कदमका रूपमा लिएका छन्। आमाका गर्भबाट पैदा भएको अवस्थामा नै शिशुको हत्या गर्ने उनीहरूले योजना बनाए। त्यसो गर्नुभन्दा पहिले उनीहरूले आफूले लिएको बाटो सही छ वा छैन बुझ्नु पर्दथ्यो। दलाल संसदीय व्यवस्थाको पहरेदार बनिसकेपछि राष्ट्र र जनताप्रति आफ्ना हर्कत के रहे आफूतिर फर्कन सक्नुपर्दथ्यो ।

*बाँकी पृष्ठ ७ मा*

## सांस्कृतिक क्रान्ति ...

छोराछोरीलाई बलिदान गर्न सिकायौँ भने आफ्नै छोराछोरीलाई सिकाएनौँ । हामीले द्वन्द्ववादका कुरा गर्‍यौँ तर स्वयम् द्वन्द्ववादी भएनौँ । यही कारणले गर्दा हामीले जितिसकेको संसार गुमायौँ । यही कारणले गर्दा हामीले जितिसकेको क्रान्ति गुमायौँ । मार्क्सले निजी सम्पत्तिको अन्त्य गरेर सामूहिक सम्पत्ति बनाउनु नै साम्यवाद हो भन्नुभयो । हामीले निजी सम्पत्ति जोड्दै गयौँ । हाम्रा भूतपूर्व कमरेडहरू त जनताको रगतपसिनाबाट अर्बपति भइसकेका छन् । उनीहरूले त विकल्पमा प्रस्तुत भएको कमरेड विप्लव नेतृत्वको नेकपालाई पनि आफ्नै सती लैजाने षड्यन्त्र गरिरहेका छन् । यसमा क्रान्तिकारीहरु सतर्क हुनुपर्दछ । अहिलेसम्म प्रतिक्रान्ति नेताहरूबाट भएको छ, कार्यकर्ता र जनताबाट होइन ।

विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा प्रतिक्रान्ति नेताहरूका जीवनसाथी तथा जीवनसँगिनी र परिवारका अन्य सदस्यहरूबाट घुस्ने कोसिस गर्दछ । हाम्रो क्रान्तिको जीवनले पनि यही पुष्टि गरेको छ । इतिहासको समीक्षा गरेर हामी सचेत हुन जरुरी छ । रुसमा पहिलो समाजवादी क्रान्ति गर्ने लेनिन र स्टालिन महान् हुनुहुन्थ्यो । रुसमा क्रान्ति भएको एक वर्षपछि आफूलाई समाजवादी भन्ने एसेर सङ्गठनकी काप्लान नामकी महिलाले लेनिनमाथि गोली हानिन् । उहाँ भन्डैले बच्नुभयो तर गम्भीर घाइते हुनुभयो । उपचारपछि पनि गम्भीर असर हुँदाहुँदै १९२२ सम्म सोभियत सङ्घ कम्युनिस्ट पार्टी (बोल्सेभिक) को महासचिव र सोभियत समाजवादी गणतन्त्र सङ्घको राष्ट्रप्रमुख भएर काम गर्नुभयो । उहाँको स्वास्थ्य खराब हुँदै गएपछि पार्टीको महासचिव र सत्ता प्रमुख स्टालिन हुनुभयो । लेनिनकी जीवनसंगिनी क्रुप्सकाया केन्द्रीय नेता नै हुनुहुन्थ्यो । स्टालिन सोसकपा (बोल्सेभिक) को महासचिव भएकोमा पार्टीभित्रै रहेका केही मानिसलाई मन परेको थिएन । ती थिए जीनोवेभ र कामेनेभ । उनीहरूले स्टालिनप्रति लेनिनको मनोविज्ञान बिगार्न क्रुप्सकायालाई प्रभावित पार्न थाले । लेनिन बिरामी हुनुहुन्थ्यो तर समाजवादको रक्षा र विकासका लागि चिन्तित पनि । क्रुप्सकायाका कुरा सुनेर लेनिनले बोल्सेभिक केन्द्रीय समितिलाई चिठी लेख्नुभयो । लेनिनले स्टालिन धेरै रुखो भएकाले महासचिव परिवर्तन गर्नुपर्ने कुरा चिठीमा लेख्नुभयो । १९१७ को अक्टोबर क्रान्तिको पोल खोलेकाले जिनोवेभ र कामेनेभलाई फाँसीमा झुन्ड्याउनुपर्ने भनी लेनिनले नै भन्नुभएको थियो । स्टालिनबिना अक्टोबर क्रान्ति सम्भव थिएन । फाँसीमा लड्काउनुपर्ने गद्दारहरू लेनिनका प्रियपात्र र ज्यानलाई जोखिममा राखेर लेनिनवाद लागू गर्ने अनन्य कमरेड कसरी रुखो पात्र भयो ? प्रतिक्रान्तिकारीहरूले कसरी प्रतिक्रान्तिकारी उद्देश्य पूरा गर्न परिवारभित्र पनि षड्यन्त्र गर्दछन् भन्ने कुराको उदाहरण हो यो । बिरामी लेनिनलाई आफ्नो उद्देश्यमा प्रयोग गर्न उनीहरू क्रुप्सकायाको भावना जित्न सफल भए । तर यस्तो समस्या समाल्न सक्ने पनि स्टालिन नै हुनुहुन्थ्यो । षड्यन्त्रबारे लेनिनलाई र केन्द्रीय समितिलाई बुझाउनुभयो । अरू ३० वर्षसम्म सो.स.क.पा.(बोल्सेभिक) र सोभियत समाजवादी गणतन्त्र सङ्घलाई कुशलतपूर्वक सञ्चालन मात्र गर्नुभएन, बरु ३०० वर्ष लगाएर अमेरिकामा भएका विकास र समृद्धिलाई ३० वर्षमै उछिन्नुभयो ।

यहाँ लेनिनलाई उहाँको महान् उचाइबाट कहीँ पनि होच्याउन खोजिएको होइन तर पार्टीभित्रका अवसरवादी र घुसपैठियाहरूले कति खतरनाक भूमिका निर्वाह गर्छन् भनी इतिहासबाट शिक्षा लिइएको हो । आज कतिपय नेपाली कम्युनिस्ट आन्दोलनका गद्दारहरूले हचुवा तरिकाले स्टालिनमाथि एकमनावादी र अधिभूतवादीको आरोप लगाउँदा भष्मास्त्र नै उठाऊँजस्तो लाग्छ । तिनले स्टालिनबारे अनुसन्धान नगरी बोल्ने अधिकार छैन । माओले उहाँको मुख्यतः रक्षा गर्नुभएको थियो भने काम गर्दा कमजोरी पनि हुन्छन्, त्यसको आलोचना गर्नुभएको थियो ।

माओले यही विश्वदृष्टिकोणको समस्या समाधान गर्न सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो भन्ने कुरा माथि पनि उल्लेख गरिएको छ । यसलाई सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति पनि भनिन्छ । वैज्ञानिक समाजवादी क्रान्तिलाई मार्क्सले स्थायी क्रान्तिको उद्घोष भन्नुभएको थियो । सांस्कृतिक क्रान्ति भनेको हजारौँ वर्ष पुराना र विषालु विचारधारा, संस्कृति, विरासत, चालचलन, रीतिरिवाजको विस्थापन गरी क्रान्तिकारी विचारधारा, संस्कृति, विरासत, चालचलन र रीतिरिवाजको स्थापना गर्नु हो । माओले ऐतिहासिक सांस्कृतिक क्रान्तिमा दर्शनशास्त्रलाई कक्षाकोठाबाट र दार्शनिकहरूबाट जनताहरूको बीचमा लैजानुभएको थियो । हजारौँ वर्षसम्म जनताको दिमागमा घर गरी बसेको पुरानो विचारधारालाई विस्थापन गर्न दस वर्ष पर्याप्त थिएन । त्यो सांस्कृतिक क्रान्ति स्थगित भएको छ । त्यसको समीक्षा र विकाससहित हामीले अहिलेदेखि राजनीतिक क्रान्तिसँगै एकीकृत गरेर अघि बढाउनुपर्छ । माओले १९४९ मा राजनीतिक क्रान्ति गर्नुभयो र १९६६ देखि सांस्कृतिक क्रान्ति गर्नुभएकाले हामी पनि त्यसै गरौँला भनी पर्खनु हुँदैन । १९६६ मा त यो क्रान्तिको विधि पत्ता लाग्यो । मार्क्सले वैज्ञानिक समाजवादको चरण नै स्थायी क्रान्तिको उद्घोष हो भनेर १८५१ तिरै भनिसक्नुभएको छ । माओले यही क्रान्तिलाई कार्यरूप दिनुभएको थियो ।

यहाँ के कुरा राम्रोसँग बुझ्नुपर्दछ भने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विश्वदृष्टिकोण विज्ञान हो । यसलाई लागू गर्ने माओको कला पनि हो । चीनमा अघि बढिरहेको सांस्कृतिक क्रान्तिमा माओले मुठीभर प्रतिक्रान्तिकारीहरूलाई निशानामा राख्दै पार्टीभित्र क्रान्तिकारीहरू र मध्यमार्गीहरूलाई सँगै लिन सफल हुनुभएको थियो । जीवनको अन्तिम समयमा उहाँले मध्यमार्गी हुआको फेङलाई नेतृत्व दिनुभयो । यहाँनेर सांस्कृतिक क्रान्तिमा माओका क्रान्तिकारी उत्तराधिकारीहरूको पार्टी सञ्चालनको कला र धैर्य पुगेन । चाङ चुङ चियाओ, चियाङ चिङ, वाङ हुङ वेन र याओ वेन युआन हुईलाई सङ्घर्षमा मध्यमार्गीमाथि पनि दक्षिणपन्थीलाई जस्तै प्रहार गरे । उनीहरूले माओवाद बुझेनन् । परिणामस्वरूप प्रतिक्रान्ति भयो र उहाँहरूलाई प्रतिक्रान्तिकारीहरूले जेलमा सडाएर मारे । सांस्कृतिक क्रान्ति अधुरै रह्यो । त्यो क्रान्ति आजका क्रान्तिकारीहरूले पूरा गर्नुपर्दछ । यसलाई आफ्नै जीवन, परिवार र पार्टीमा सुरु गर्नुपर्दछ ।

अतः आज हामीले यो दार्शनिक घोषणा गर्नुपर्दछ- महान् सर्वहारा सांस्कृतिक क्रान्ति अथवा सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति आविष्कार गर्नेहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी होइनन्, बरु आजको अधिभूतवादी आदर्शवाद नवउदारवादका हिमायतीहरू हुन् । नवउदारवादलाई साम्यवादको विकल्पका रूपमा अमेरिकालगायत पश्चिमाहरूले पेस गरेका छन् । प्रजातन्त्र एवम् लोकतन्त्र, मानवअधिकार र खुला बजार यसका विशेषताहरू हुन् । नवउदारवाद कति फासिस्ट, तानाशाही र मानवअधिकारवाद विरोधी छ भन्ने कुरा अमेरिकाको व्यवहारलाई हेरे हुन्छ । आफूले चिनियाँ सामानमा चर्को कर लगाउँदा न्यायोचित र चीनले अमेरिकाको सामानमा कर लगाउँदा अनुचित, अमेरिकाले नेटो र हिन्द प्रशान्त रणनीति बनाउँदा ठीक र चीन तथा अरू देशले ब्रिक्स र बीआरआई परियोजना बनाउँदा 'ऋणको पासो' इत्यादि । अमेरिकाली नवउदारवादका प्रवक्ता एवम् 'इतिहासको अन्त्य र अन्तिम मान्छे' का लेखक फ्रान्सिक फुकुयामा साम्यवादीहरूलाई सर्वसत्तावादी र तानाशाहीको आरोप लगाउँछन् तर आफ्नो ' अन्तिम मान्छे' नवउदारवादी प्रजातन्त्रको प्रयोगकर्ता अमेरिकाले रुवान्डामा हुतु र तुत्सीको झगडा पारेर आफ्नो कारखानाका हतियार बेच्दै नरसंहार गर्दा, सिरियामा ६ लाखभन्दा बढी मानिसहरूको हत्या गर्दा, प्यालेस्टाइनको भूभाग जेरुसेलमलाई जबर्जस्ती इजरायलको राजधानी बनाइदिँदा, अर्काको देशको राष्ट्रपति सद्दाम हुसेनलाई लखेटीलखेटी झुन्ड्याउँदा, लिबियाका नेता कर्णेल गद्दाफीलाई हत्या गर्दा, अफगानिस्तानमा तालिवान नेता ओसामा बिन लादेनलाई खोजीखाजी मारेर लासै अमेरिका पुर्‍याउँदा, ट्रम्पले आफ्नै देशबाट आप्रवासीहरूलाई धपाउँदा आफ्नो छिमेकी मेक्सिकोलाई उसकै बजेट खर्च गरी सिमानामा पर्खाल हाल भनी आदेश गर्दाचाहि के भयो महाशय फुकुयामा ? यही हो असली प्रजातन्त्र र मानवअधिकार ? नेपालमा पनि नवउदारवादका दलालहरूले साम्यवादी क्रान्तिकारीहरूलाई 'लुटेरा समूह; 'आतङ्ककारी' र 'अपराधी' भनिरहेका छन् भने तीर्थराज घिमिरे, कुमार पौडेललगायत युवाहरूलाई हत्या गरिरहेका छन् र सयौँ नेता तथा कार्यकर्ताहरूलाई काराबासमा जाकिरहेका छन् । खुला बजार अर्थतन्त्रले गरिबको ढाड सेकिरहेको छ र जसको लाठी उसको भैँसी साबित भएको छ । फेरि पनि साम्यवादको विकल्प छैन । त्यसकारण विश्वदृष्टिकोणको समस्या समाधान गर्न र विश्वदृष्टिकोणको रूपान्तरण गर्न हामीले मार्क्सवादको मूल पाठ अध्ययन गर्ने र मार्क्सवादको विकास गर्ने ठोस योजना बनाउनु पर्दछ । अध्ययन साम्यवादी पार्टीका सदस्यहरूको अनिवार्य कार्यभार बन्नुपर्दछ । साम्यवादी संस्कृतिको विकासलाई पनि सँगसँगै लैजानुपर्दछ ।

*(झूट्टा मुद्दामा पुर्पक्षका लागि जेलजीवन बिताइरहनुभएका नेकपा स्थायी समितिका सदस्य सुदर्शनको प्रकाशोन्मुख पुस्तकबाट यो लेख उद्धरण गरिएको हो- सम्पादक।)*

# नेकपा नेता कुमार पौडेलको हत्याप्रति विभिन्न पार्टी–नेताहरूद्वारा भर्त्सना, निष्पक्ष छानबिनको माग

**काठमाडौँ** : यही असार ५ गते सर्लाहीको लालबन्दी १, लखन्तीमा प्रहरीले नियन्त्रणमा लिएर नेकपा सर्लाहीका इन्चार्ज तथा लोकप्रिय सुकुमबासी नेता कुमार पौडेलको क्रूरतापूर्वक हत्या गरी दोहोरो मुठभेडको प्रचार गरेपछि सत्तासीन नेकपाका नेता, सांसददेखि काङ्ग्रेस नेता, पूर्वप्रधानमन्त्री, विभिन्न पार्टी र स्वतन्त्र व्यक्तित्वहरूले समेत घोर निन्दा एवम् भर्त्सना गर्दै हत्याकाण्डको न्यायिक छानबिन गर्न माग गरेका छन् ।

सरकारी नेकपाका सांसद एवम् पूर्वमन्त्री जनार्दन शर्माले सर्लाही घटनाले पञ्चायतकालको झझल्को दिएको बताएका छन् । आइतबार बिहान राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै उनले गत असार ५ गते सर्लाहीको लालबन्दीमा 'प्रहरी र नेकपा कार्यकर्ताबीच दोहोरो गोली हानाहान हुँदा सर्लाहीका जिल्ला इन्चार्ज कुमार पौडेलको मृत्यु भएको' भन्ने सरकारी पक्षको भनाइ सही नभएको बताए । उनले भने, 'उक्त घटनाले पञ्चायती बर्बरताको झझल्को दिएको छ ।'

उनले यस विषयमा गृहमन्त्रीले समितिमा आएर स्पष्ट पार्नुपर्ने पनि बताए । उनले भने, 'हातखुट्टा भाँचेर मारिएको भन्ने कुरा बाहिर आएको छ । तुरुन्तै गृहमन्त्रीलाई बोलाएर यथार्थ कुरा के हो, हामीलाई जानकारी गराउनुपर्‍यो ।' समाचारमा आएजस्तो हातखुट्टा भाँचेर मारिएको हो भने यस्तो काम राज्यले गर्न नपाउने शर्माको भनाइ थियो । संविधान हुँदाहुँदै यसबाट बाहिर गएर निर्ममतापूर्वक पौडेलको हत्या हुनु खेदजनक रहेको भन्दै उनले आपत्ति जनाएका थिए ।

उनले भने, 'निर्मम ढङ्गले हातखुट्टा छियाछिया पारेर हत्या गरिएको भन्ने सुन्नमा आएको छ । मलाई त्यो बेला धनमायाको हत्याको याद आयो । पञ्चायतकालमा बर्बरतापूर्वक हत्या भएको याद आयो ।' शर्माले यस्तो प्रवृत्तिलाई बेलैमा कारबाही नगर्दा परिवर्तित व्यवस्थाप्रति नै प्रश्न उठ्नसक्ने बताए । शर्माले निलम्बित सांसद रेशम चौधरीलाई नेल लगाएर उपचार गरेकोमा पनि आपत्ति जनाएका थिए ।

समिति सभापति शशी श्रेष्ठले भने गृहमन्त्री रामबहादुर थापालाई सोमबार बैठकमा बोलाइने बताएकी थिइन् ।

सोही क्रममा संसद्को प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका सांसद तथा समिति सदस्य दिलेन्द्रप्रसाद बडुले सर्लाही घटनालगायत विषयमा छलफल गर्न प्रधानमन्त्रीलाई नै बोलाउनुपर्ने धारणा राखेका थिए ।

यसैबीच पूर्वप्रधानमन्त्री एवम् समाजवादी पार्टी नेपालका संयोजक डा. बाबुराम भट्टराईले कुमार पौडेलको हत्या फेक इन्काउन्टरबाट भएको बताएका छन् । उनले पौडेलको मृत्युको घटनाबारे सत्यतथ्य छानबिनको मागसमेत गरेका छन् ।

सामाजिक सञ्जाल ट्विटरमा शनिबार सन्देश लेख्दै भट्टराईले भनेका छन्, 'हिजो पुरानो सत्ताधारीले गरेको हर्कत यो सरकारले पनि दोहोर्‍यायो । जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्रमा आज सत्तासीन बनेका हिजोका क्रान्तिकारीहरूले उही पुरानो हर्कत दोहोर्‍याउनु विडम्बना हो ।'

रातोपाटी अनलाइनले प्रहरी-विप्लव 'मुठभेड' : 'इन्काउन्टर' कि 'फेक इन्काउन्टर' ? शीर्षकमा लेखेको छ, 'प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' का सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेल प्रहरी इन्काउन्टरमा मारिएको भनिए पनि यो घटना पत्यारयोग्य नभएको भन्दै सांसददेखि विप्लवसमेतले छानबिनको माग गरेका छन् ।'

सत्तापक्षकै सांसदले गरे छानबिनको माग भन्ने उपशीर्षकमा लेखिएको छ, 'विप्लवका कार्यकर्ता मुठभेडमा मारिएको भनिएको यो पहिलो घटना होइन । यसअघि भोजपुरमा पनि यसैगरी विप्लवका कार्यकर्ता तीर्थ घिमिरे मारिएका थिए । एकपछि अर्को गर्दै विप्लवका कार्यकर्ता मारिन थालेपछि यो विषयले संसद्मा समेत प्रवेश पाएको छ । सत्तासीन दलका सांसद शिवकुमार मण्डलले सर्लाहीको लालबन्दीमा भएको घटनाबारे सत्यतथ्य सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबारको प्रतिनिधिसभा बैठकको शून्य समयमा सांसद मण्डलले उक्त घटनाको सत्यतथ्यबारे गृह मन्त्रालयले सदनलाई जानकारी दिनुपर्ने बताए । उनले भने, 'सर्लाहीको लालबन्दी भन्ने ठाउँमा विप्लवका कार्यकर्ता भिडन्तमा मारिएको भन्ने सुनिएको छ । यतिबेला निःशस्त्र व्यक्तिहरूलाई मार्ने कुराले राज्यप्रतिको प्रश्न संवेदनशील र गम्भीर बन्दै गएको छ ।'

उनले विप्लव पार्टीप्रति राजनीतिक व्यवहार देखाउनुपर्ने पनि बताए । 'विप्लव राजनीतिक पार्टी भएकाले राजनीतिक तवरले नै त्यसको समाधान खोज्नुपर्छ । सरकारले विभिन्न विचार अवलम्बन गरेर भए पनि संवादमार्फत समाधान गर्ने प्रयत्न गरोस्', मण्डलले भने । सरकारले राजनीतिक कार्यकर्तालाई मार्ने काम गरेको भन्दै यसले कसैलाई राम्रो नहुने सांसद मण्डलले बताए ।

मण्डलले भने, 'यो मार्ने कुराले राष्ट्रलाई पनि राम्रो गर्दैन, यो समाजलाई पनि राम्रो गर्दैन । त्यसर्थ त्यस घटनाका बारेमा सत्यतथ्य के हो ? गृह मन्त्रालयमार्फत सदनलाई जानकारी गराइयोस् ।'

संसद् बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसकी सांसद मीना पाण्डेले त पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर मारेको दाबी नै गरेकी थिइन् । सांसद पाण्डेले भनिन्, 'सर्लाहीको बागमती नगरपालिका २ निवासी पौडेलको प्रहरीले समातेर हत्या गरेको भन्ने कुरा आएको छ । कुमार पौडलले के गरे र कुन पार्टीमा संलग्न थिए भन्ने कुरामा राज्यको चासो हुनु स्वाभाविक नै होला तर स्थानीय वासिन्दाले समातेर गोली हानी हत्या गरेको ठहर गरेका छन् ।'

सरकारले पौडेलमाथि 'फेक इन्काउन्टर' गरेर गम्भीर मानवअधिकार उल्लङ्घन गरेको उनले बताइन् । सर्लाही नै घर भएकी सांसद पाण्डेले भनिन्, 'कसैलाई पहिले नियन्त्रण लिइसकेपछि फेक इन्काउन्टर गरेर हत्या गर्नु भनेको गम्भीर मानवअधिकारको उल्लङ्घन हो ।'

केही समयपहिले सागरनाथ बन परियोजनामा सुकुमबासीका घरटहरा भत्काउन लगाइएको भन्दै बागमती नगरपालिकाका मेयर भरत थापाविरुद्ध पौडलले कारबाहीको चेतावनी दिएको र सोही विवादपछि फेक इन्काउन्टर भएको आशङ्का गर्दै सांसद पाण्डेले भनिन्, 'निज गरिखाने युवा थिए ।' उनले तत्कालीन एमालेमा प्रवेश गराएको, सुकुमबासीका लागि राजनीति गरेको, माओवादीमा प्रवेश गर्दा पनि त्यसैलाई निरन्तरता दिइराखेको स्मरण गराउँदै भनिन्, 'अहिले त्यही खेतीअन्तर्गत कस्तो अपराध र गल्ती गर्‍यो, त्यो राज्यको चासो हो । त्यो खोजीनीति र तलासी होस् । नियन्त्रणमा लिएर मार्नु, प्रहरीले गोली ठोकी मारेर ल्याई जङ्गलमा राखेर इन्काउन्टरमा मर्‍यो भन्नु गलत हो । यो कुरामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।' 'यसले मानवअधिकार उल्लङ्घनका घटना बढाउँछ । सर्लाही जिल्ला द्वन्द्वबाट बल्लबल्ल बाहिर आएको छ । तर फेरि द्वन्द्वको खतरा बढेको छ ।'

सांसद पाण्डेले इन्काउन्टरको प्रमाणसहित संसद्लाई जानकारी गराउन माग पनि गरेकी थिइन् । 'फेक इन्काउन्टर होइन भने गृहमन्त्रीले प्रमाणसहित भन्नुपर्छ । होइन भने यसको निष्पक्ष छानविन होस्,' उनले भनिन्, 'होइन भने यो मन नपरेको मानिसलाई मार्ने तरिका पनि हुनसक्छ ।'

'उनी कुन पार्टीमा थिए मेरो चासोको विषय होइन । नियन्त्रणमा लिएर मार्दा मानवअधिकारको खिल्ली उडाइएको छ । दुईतिहाइ बहुमत भएको लोकतन्त्रमा विश्वास गर्ने सरकारले यो के गर्न खोजेको ?', उनको प्रश्न थियो ।

# फर्जी मुठभेडको आवरणमा मान्छे मार्न बन्द गर : राष्ट्रिय पुनर्जागरण अभियान

**काठमाडौँ** : राष्ट्रिय पुनर्जागरण अभियान नेपालले केपी वली नेतृत्वको सरकारले फर्जी मुठभेडको आवरणमा नेकपाका जिम्मेवार नेताहरू र कार्यकर्ताहरूलाई हत्या गर्न थालेकोमा गम्भीर आपत्ति प्रकट गरेको छ । अभियानको केन्द्रीय कार्य सञ्चालन समितिको बैठकले केही समयपहिले भोजपुर जिल्लामा र हालै सर्लाही जिल्लामा गरिएका हत्याहरू विरोधको आवाज दबाउने र हिंसाको वातावरण बनाएर आफ्नो अभीष्ट पूरा गर्ने षड्यन्त्रका हिस्साहरू रहेको निष्कर्ष निकालेको छ । अभियानका अध्यक्ष अनारसिंह कार्कीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सरकारको यस्तो व्यवहारले भोलि जुनसुकै व्यक्ति पनि मारिन सक्ने खतरातर्फ सचेत रहँदै र यसका विरुद्ध एकजुट हुन सबैमा अनुरोध गर्दै अभियानले यस्ता कर्तुतहरूको निन्दा गर्दछ ।'

अभियानले नेपालका संस्कृति र परम्पराहरू ध्वस्त पार्ने पश्चिमा शक्तिहरूको डिजाइनमा ल्याइएको गुठी विधेयकभित्रको गलत उद्देश्यबाट सरकार पूर्ण रूपमा पछाडि हटेको नदेखिएकाले गुठी विधेयकका विरुद्धमा उठेको जनमत शिथिल हुनासाथ विधेयक फेरि अघि बढाइनसक्ने खतराको पनि सङ्केत गरेको छ । अतः यसका विरुद्ध चनाखो हुन पनि अभियानले सबैमा अनुरोध गरेको छ ।

अभियानले संस्थाको धारणा सार्वजनिक गर्न प्रवक्ताका रुपमा अभियानका केन्द्रीय सदस्य तथा वरिष्ठ पत्रकार नीमकान्त पाण्डेलाई नियुक्त गरेको जानकारी पनि विज्ञप्तिमार्फत दिएको छ ।

## जेसीबी कार्यालयमा आक्रमण

**धनकुटा** : एक्को इन्फा कन्सट्रक्सन प्रा.लि.ले जिल्लाको भेडेटार-रवि-राँके सडकखण्डमा सञ्चालनमा ल्याएको जेसीबीमा बुधबार राती अज्ञात समूहले आक्रमण गरी ध्वस्त बनाएको छ । प्राप्त समाचारअनुसार निख्लाजुङ गाउँपालिका लेखगाउँमा अज्ञात समूहले जेसीबी र कार्यालयमा आक्रमण गरी पूर्ण रूपमा ध्वस्त बनाएको हो ।

हाम्रा संवाददाताका अनुसार जेसीबीमाथि आक्रमण गर्नुको कारण र आक्रमणकारीको परिचय खुलेको छैन । हाम्रा संवाददातालाई स्थानीय बासिन्दाले फोन गरी उक्त घटनाबारे जानकारी गराएका थिए ।

# दोलखा इन्चार्ज र रामेछाप सेक्रेटेरीलाई बिनासर्त रिहा नगरे प्रतिरोध गर्ने नेकपाको चेतावनी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोले ब्युरोका सदस्य दोलखा जिल्ला इन्चार्ज यादव दाहाल र ब्युरो सदस्य एवम् रामेछाप जिल्ला सेक्रेटरी कुदीप थापामगर 'अभिलाश' लाई बिनासर्त रिहा गर्न अन्यथा प्रतिरोधको सामना गर्न सरकारलाई चेतवनी दिएको छ ।

ब्युरो इन्चार्ज आधारद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'केपी-पीके दलाल कम्पनीको सरकारको रामबहादुर थापा गृह-प्रशासनले नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोका सदस्य तथा दोलखा जिल्ला इन्चार्ज कमरेड यादव दाहाललाई आफ्नो उपचारका क्रममा अस्पताल जाँदै गर्दा काठमाडौँबाट गिरफ्तार गरी अमानवीय व्यवहार देखाएकोमा हाम्रो पार्टी घोर भर्त्सना तथा खेद व्यक्त गर्छ र बिनासर्त तत्काल रिहा गर्न माग गर्दछ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'त्यसैगरी नेकपाका ताम्सालिङ ब्युरो सदस्य तथा रामेछाप जिल्ला सेक्रेटरी कुलदीप थापामगर 'अभिलाश' लाई पनि यो सामाजिक फासिवादी सरकारको गृह प्रशासनले श्रीमतीको उपचार गराएर फर्किंदै गर्दा काठमाडौँबाटै गिरफ्तार गरेर अमानवीय हर्कत देखाएको छ । सरकारको यो अलोकतान्त्रिक क्रियाकलापप्रति गम्भीर खेद प्रकट गर्दै कमरेड अभिलाशलाई पनि तत्काल रिहा गर्न र अन्यथा कडा प्रतिरोधको सामना गर्न सरकारलाई चेतावनी दिन चाहन्छ ।'

आधारको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'केपी वली सरकार दिनदिनै आफ्नो राजनीतिक चरित्र गुमाउँदै अमानवीय तथा क्रूर बन्दै गएको छ । देश, जनता र श्रमिक वर्गको मुक्ति अभियानमा रहेर निरन्तर राजनीतिक काममा क्रियाशील पार्टीका नेता, कार्यकर्ता र शुभचिन्तक-समर्थकलाई समेत यो सरकारले अपहरण शैलीमा गिरफ्तार गर्ने, यातना दिने, झूट्टा मुद्दा लगाई हिरासत तथा जेल पठाउने कार्य गर्दै आएको छ । हामी सरकारलाई यस किसिमका गैरराजनीतिक हर्कत तत्काल बन्द गर्न आग्रह गर्दै अन्यथा शक्तिशाली प्रतिरोधको सामना गर्न चुनौती पनि दिन्छौँ ।'

वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९८ रातो खबर साप्ताहिक

# नेपाल बन्दको देशभर प्रभाव, देशैभर बम विस्फोट र आगलागी

■ आशिष कुमार चौधरी/काठमाडौँ

## जाउलाखेलको खेल मैदानमा बम भेटियो

काठमाडौँ : ललितपुरको जाउलाखेलस्थित खेल मैदाननजिकै बम भेटिएको छ। मङ्गलबार बिहान ७ बजे नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले राखेको प्रेसरकुकर बम भेटिएको हो।

प्रहरीका अनुसार खेल मैदानअगाडि होटेलको सटरमा भेटिएको बमलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले बिहान ७ बजे निष्क्रिय पारेको छ।

## देशैभर बम भेटिए, कतै विस्फोट, कतै निष्क्रिय

काठमाडौँ : नेकपाले मंगलबारका लागि आह्वान गरेको नेपाल बन्दलाई लक्षित गरेर नेपाल कम्युनिस्ट पार्टीले देशैभर बम विस्फोट गराएको समाचार प्राप्त भएको छ।

बर्दियामा दुईवटा प्रेसरकुकर बम फेलापरेका छन्। सदरमुकाम गुलरिया नगरपालिकास्थित हुलाकी मार्गअन्तर्गत डिभिजन वन कार्यालयनजिक तथा पूर्व-पश्चिम राजमार्गअन्तर्गत कतर्निया चोकमा कुकर बम भेटिएका हुन्।

नेपाल कम्युनिस्ट पार्टीले बन्दलाई लक्षित गर्दै सडकमा बम राखेको हुनसक्ने प्रहरीको आशङ्का छ। बम भेटिएका स्थानमा कडा सुरक्षा दिइएको जिल्ला प्रहरी कार्यालय बर्दियाका निमित्त प्रमुख डीएसपी मदनजित महराले बताए। नेपाली सेनाको बम डिस्पोजल टोलीले बम निष्क्रिय पारेको डीएसपी महराले बताए।

नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको बन्दका कारण बर्दियाको जनजीवन प्रभावित बनेको छ। बिहानैदेखि सवारीसाधन चलेका छैनन्।

अर्घाखाँचीका तीन ठाउँमा बम फेलापरेको छ। नेपाल बन्दलाई लक्षित गरेर बम राखिएको आशङ्का गरिएको छ। छत्रदेव गाउँपालिका वडा नम्बर ५ को वडा कार्यालय नजिकै, वडा कार्यालय ७ को नजिकै र मालारानी १ को छेडाठाटी, छत्रदेव गाउँपालिका वडा नम्बर ७ को मडेलचौरमा रहेको लु १ क २२३८ नम्बरको जेसीबीमा राखिएका शङ्कास्पद वस्तु र बमसमेत तीन ठाउँमा बमजस्तो देखिने शङ्कास्पद वस्तु फेलापरेको जानकारी प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले दिए। बम हो वा अन्य वस्तु भन्नेबारेमा अनुसन्धानपछि मात्र थाहा हुने प्रजिअ लामिछानेले बताए।

शङ्कास्पद वस्तुलाई नेपाली सेनाको टोलीले निष्क्रिय पारेको प्रहरीले जनाएको छ। बन्दका कारण जिल्लाभरको जनजीवन प्रभावित बनेको छ। बिहानैदेखि छोटो तथा लामो दूरीका सवारीसाधन चलेका छैनन्। शिक्षण संस्था र विद्यालय सबै ठप्प छन्।

चितवनको राप्ती नगरपालिकाको खैरेनीमा पनि शङ्कास्पद वस्तु फेलापरेको खबर छ। घटनास्थलमा नेपाली सेनाको बम डिस्पोजल टोली गएको छ।

## काभ्रेका विभिन्न ठाउँमा बम विस्फोट

काभ्रे : नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्द सफल पार्न काभ्रेका विभिन्न ठाउँमा बम राखेको भेटिएको छ। पनौती र धुलिखेलमा शङ्कास्पद वस्तु राखिएको र नेपाली सेनाको टोलीले बिहान डिस्पोज गरेको छ।

धुलिखेल नगरपालिकास्थित हस्पिटल चोकमा, पनौती नगरपालिकाको खोपासी जाने पोल र पनौती बसपार्क चोकमा शङ्कास्पद प्रेसर कुकर र बियरको बोतल बम फेलापरेको पनि जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ। धुलिखेलमा मङ्गलबार बिहान ३ बजे पनौतीमा बसपार्कमा पौने ५ बजे र खोपासी जाने पुलमा ४:५१ बजे नेपाली सेनाले बम निष्क्रिय पारेको जानकारी डीएसपी दीपक गिरीले दिएका छन्।

स्थानीयले भने ठूलो आवाज आएकाले बम नै पड्किएको आशङ्का गरे। काभ्रेमा बन्दको असर पूर्ण रूपमा देखिएको छ। गाडी चलेका छैनन् भने धुलिखेल-बनेपा-काठमाडौँ चल्ने बसहरू बन्द छन्।

## गौरीगङ्गा नगरपालिकामा अज्ञात समूहद्वारा आगजनी

धनगढी : कैलालीको गौरीगङ्गा नगरपालिकाको कार्यालयमा अज्ञात समूहले आगजनी गरेको समाचार प्राप्त भएको छ। सोमबार राती गरिएको आगजनीबाट नगरका महत्वपूर्ण कागजपत्र जलेको बताइएको छ।

असार ५ गते नेपाल कम्युनिस्ट पार्टीका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको प्रहरीले हत्या गरेको विरोधमा नेकपाले आह्वान गरेको असार १० गतेको नेपाल बन्दको पूर्वसन्ध्यामा नेकपाका कार्यकर्ताले सोमबार साँझ देशका विभिन्न स्थानमा मशाल जुलुस पनि निकालेका थिए।

## चितवनका विभिन्न ठाउँमा शक्तिशाली विस्फोट

काठमाडौँ : अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिका वडा नं ३ र ढकारी गाउँपालिका वाड नं ५ को वडा कार्यालयमा सोमबार राती अज्ञात समूहले आगजनी गरेको समाचार प्राप्त भएको छ। आगजनीबाट कार्यालय सम्पूर्ण रूपले ध्वस्त भएको बताइएको छ। बन्दको पूर्वसन्ध्यामा अछामका विभिन्न ठाउँमा मसाल जुलुस निस्किएको समाचार छ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको दिन चितवनका विभिन्न ठाउँमा शक्तिशाली बम विस्फोट भएको छ। चितवनको कालिका नगरपालिका ९ स्थित शक्तिखोर बजारमा बम विस्फोट भएको हो। चितवन रत्ननगर नगरपालिकास्थित टाँडी बजारमा पनि बम विस्फोट भएको जानकारी हाम्रा चितवन संवाददाताले दिएका छन्।

विस्फोटको कारण र क्षतिको विवरण आउन बाँकी छ भने त्यस क्षेत्रमा उद्योग, कलकारखाना, शैक्षिक संस्था र यातायातका साधनहरू ठप्प भएका छन्।

चितवनको राप्ती नगरपालिका भण्डारा सशस्त्र क्याम्पनजिकै पम्पापुलमा बम विस्फोट भएको समाचार छ।

## सडकदेखि मेयरको घरसम्म बम विस्फोट

काठमाडौँ : नुवाकोट जिल्लाको विदुर नगरपालिकाका मेयरको घरमा बम भेटिएको छ। सोमबार राती मेयर सञ्जु पण्डितको विदुर ९ स्थित घरमा प्रेस कुकर बम भेटिएको हो।

नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको पूर्वसन्ध्यामा घरमा प्रेसर कुकर बम राखेको अनुमान गरिएको छ। बमका कारण मेयरको घर आसपासका समुदाय रातभर आतङ्कित भएका थिए।

अहिले बिहान नेपाली सेनाको बम डिस्पोजल टोलीले बम निष्क्रिय पारेको जानकारी नेपाल पत्रकार महासङ्घ नुवाकोटका अध्यक्ष कपिलदेव खनालले दिए। बन्द सफल पार्न नेकपाका कार्यकर्ताले बम राखेको बुझिएको छ।

## झापामा माईको पुलमा भेटियो बम, राजमार्ग सुनसान

झापा : झापाको कन्काई माईको पुलमा मंगलबार बिहानै बम भेटिएको छ। बन्दको दिन बम भेटिएपछि छोटो दूरीका छिटफुट यातायातका साधनसमेत चल्न सकेका छैनन्।

बन्दको बिहानै बम राखेर केही युवाहरू हिँडेको स्थनीयले बताएका छन्। बम कस्तो प्रकृतिको हो भन्ने विषय खुलेको छैन। बम राखेको स्थानमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षा दिइरहेको र नेपाली सेनाको बम डिस्पोजल टोलीलाई बोलाइएको जनाइएको छ।

त्यस्तै झापाको काँकडभिट्टाबाट चल्ने लामो तथा छोटो दूरीका सवारीसाधन चल्न सकेका छैनन्। बजार तथा उद्योगहरू सबै ठप्प भए। बिहान सञ्चालन हुने शिक्षण संस्थाहरूसमेत बन्द रहेका थिए। झापामा बन्दको प्रभाव पूर्ण रूपमा परेको झापाबाट हाम्रा संवाददाताले बताएका छन्।

## बन्दले सडक सुनसान

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दका कारण मंगलबार देशभर त्यसको प्रभाव परेको छ। बन्दका कारण काठमाडौँलगायत देशभर बिहानैबाट सुनसान छ। मुख्य राजमार्ग राती १२ बजेपछि बन्द छन् भने सडकमा बिहानैबाट कुनै सवारीसाधन चलेका छैनन्।

बिहान ४ बजेबाट सवारीसाधन चल्ने काठमाडौँको सडक पनि सुनसान छन्। दूध, एम्बुलेन्स, दकमल र प्रेसका गाडीबाहेक अरू कुनै सावरीसाधन चलेका छैनन्। बन्दको पूर्वसन्ध्यामा नेकपाका कार्यकर्ताले सोमबार साँझ देशका विभिन्न स्थानहरूमा मशाल जुलुस निकालेका थिए।

त्यस्तै बभ्फाङ र झापासहित विभिन्न स्थानहरूमा बम भेटिएको छ। बन्दको पूर्वसन्ध्यामा झापाको भद्रपुरस्थित भद्रपुर नगरपालिकाको कार्यालयभित्र झोलामा शङ्कास्पद वस्तु भेटिएको छ। प्रहरीका अनुसार नगरपालिकाका मेयरको कार्यकक्ष चढ्ने सिँढीमुनि कालो ब्यागजस्तो शङ्कास्पद वस्तु फेलापरेको थियो।

यसैगरी बभ्फाङको जयपृथ्वी नगरपालिका वडा नं. ३ राजकोट पाण्डुपडेसको वडा कार्यालय भवनमा पनि बम भेटिएको समाचार प्राप्त भएको छ।

## भद्रपुर नगरपालिकाको कार्यालयभित्र शक्तिशाली बम

झापा : झापाको सदरमुकाम रहेको भद्रपुर नगरपालिकाको कार्यालयभित्र शक्तिशाली बम फेलापरेको छ।

नगरपालिकाको मेयरको कार्यकक्षमा जाने सिँढीको तल कालो ब्यागजस्तो शङ्कास्पद वस्तु फेलापरेको र घटनास्थलमा अहिले बाक्लो मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको जानकारी प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले दिएका छन्।

उक्त शङ्कास्पद वस्तु फेलापरेपछि नगरपालिकाको बजार जाने सडक प्रहरीले अवरुद्ध गरेको छ भने झोलामा के छ भन्ने अहिलेसम्म टुङ्गो नलागेको श्रेष्ठले बताए। झापाका प्रायजसो सबै स्थानीय तहमा भ्रष्टाचार व्यापक बनेको जनगुनासो आइरहेको बेला जनप्रतिनिधिहरूलाई कारबाही गर्ने उद्देश्यले उक्त बम राखिएको हुनसक्ने अनुमान सर्वसाधारणले गरेका छन्।

नगरसभाको बैठक मंगलबार रहेको र मंगलबार नै नेकपाले बन्दको आयोजना गरेको हुनाले सुरक्षा व्यवस्था कडा बनाइरहेको अवस्थामै यसरी कार्यालयभित्रै बम भेटिनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ। भद्रपुरका मेयर जीवनकुमार श्रेष्ठले अत्यधिक भ्रष्टाचार गर्न थालेको र सुकुमबासीमाथि दमन गरेको हुनाले बम विस्फोट गराउन खोजिएको बुझिएको छ। स्रोतका अनुसार जनप्रतिनिधिहरूको व्यवहार जनविरोधी बन्न थालेकाले त्यसका विरुद्ध कारबाही गर्ने नेकपाले बताउँदै आएको अवस्थामा बम भेटिनुले नेकपाले नै राखेको हुनसक्ने आशङ्का गरिएको छ।

बम भएको स्थानमा प्रजिअ जनकराज ढकाल, एसपी र नगरप्रमुख पुगेका थिए। बम डिस्पोजल टोली पनि घटनास्थलमा पुगेको बताइएको छ।

## कञ्चनपुरको भीमदत्त र शुक्लाफाँटा क्षेत्रमा मशाल जुलुस

कञ्चनपुर : नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको बीभत्स र क्रूर हत्याको विरोधमा असार १० गते नेपाल बन्दको पूर्वसन्ध्यामा नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरले मशाल जुलुस प्रदर्शन गरेको छ।

भीमदत्तनगर र शुक्लाफाँटा नगर क्षेत्रमा आयोजना गरिएका मशाल जुलुस कार्यक्रमहरूमा सरकारी फासिवादी रवैयाको नेपाल कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूले घोर भर्त्सना गर्दै राज्यले आफूहरूलाई शान्तिपूर्ण तरिकाले राजनीतिक गतिविधिहरू सञ्चालन गरिरहेका बेला पनि हत्याका शृङ्खलाहरू अगाडि बढाएर देशलाई जबर्जस्ती द्वन्द्वमा धकेल्न खोजेको आरोप लगाएका छन्।

नक्कली मुठभेडका घटना बनाएर जसरी एकपछि अर्को आफ्ना पार्टीका नेता र कार्यकर्ताहरूको हत्या गरिँदैछ यसले दलाल केपी-पीकेमण्डलीको अन्त्य सुनिश्चित र अनिवार्य हुँदै गइरहेको कार्यक्रममा सहभागी नेताहरूले व्यक्त गरेका छन्। शुक्लाफाँटामा मशाल जुलुसपछिको कोणसभालाई नगर सेक्रेटरी धनबहादुर र भीमदत्तमा युवा सङ्गठनका जिल्ला अध्यक्ष एम.एम. जोशीले सम्बोधन गरेका थिए।

## मेची–कोसीका २४ स्थानमा मशाल जुलुस

काठमाडौँ : नेपाल बन्दको पूर्वसन्ध्यामा मेची र कोसी ब्युरोका १० वटै जिल्लामा मशाल जुलुस प्रदर्शन गरिएको छ।

तेह्रथुमको म्याङ्लुङ र जिरिखिम्तीको बीच भागमा, सुनसरीको इटहरी हलगाडा, धरानको पानमारा र बराह नगरपालिकाको एक स्थानसहित ३ स्थानमा, मोरङको पथरी, रङ्गेली र सुन्दर हरैचासहित ३ स्थानमा, धनकुटाको १ स्थानमा, ताप्लेजुङको खेजिनिम र हेल्लोकसहित २ स्थानमा, इलामको फाकफोकथुम र सूर्योदयसहित २ स्थानमा, उत्तरी मोरङको १ स्थानमा, दक्षिणी इलामको १ स्थानमा, झापाका दमक, गौरादह, शिवसताक्षी, कमल, झापा, बिर्तामोड, हल्दिबारी, बाह्रदशी, अर्जुनधारासहित ९ स्थानमा, पाँचथरको १ स्थानमा गरेर जम्मा २४ स्थानमा मशाल जुलुस प्रदर्शन भएको जानकारी ब्युरो कार्यालयका सचिव श्रीजनले रातो खबरलाई दिएका छन्। उनका अनुसार २४ स्थानमा पार्टीका नेता, कार्यकर्ता र पार्टी सदस्यहरूको उल्लेख्य र आक्रामक सहभागिता रहेको थियो।

मशाल जुलुसपछि कोणसभामा मोरङका पार्टी सेक्रेटरी कुमारले केपी र प्रचण्डको फासिवादी सत्ताले जनतालाई दुःख दिन थालेकाले अब प्रतिरोधमा उत्रनुको विकल्प नरहेको बताउँदै सरकारले हत्या गर्दै जाने हो भने सोहीअनुरूपको जबाफ फर्काउन आफूहरू बाध्य हुने धारणा राखे। त्यस्तै सुनसरीमा सेक्रेटरी सन्तोषले सरकारको अत्याचार नरोकिए सरकारी मान्छेहरूविरुद्ध लडाइँ सोझ्याएर अघि बढ्ने बताए। झापाका सेक्रेटरी मनीषले केपी वलीको घमण्ड र दम्भ झापाली जनताले पटकपटक तोडिसकेको स्मरण गराउँदै वली शासनको अन्तिम अवसान यही क्रान्तिले गर्ने बताए। उनले भने, 'वलीले धेरै फुरफुर नगरे हुन्छ। हामीले सयम गुमाउने हो र उनीजस्तै पागलपन देखाउने हो भने झापाबाट एक साताभित्रै लखेट्न सक्छौँ।' तेह्रथुममा इन्चार्ज प्रशान्त र सेक्रेटरी अमृतले बोलेका थिए। इन्चार्ज प्रशान्तले कोणसभामा बोल्दै भ्रष्टाचार तीव्र बन्दै गएको सामाजिक असुरक्षा बढेको स्थितिमा हाम्रो पार्टी त्यसविरुद्ध आन्दोलित भएको कारण नै यो दलाल सरकार दमनमा उत्रिएको हुनाले त्यसको उस्तै जबाफ फर्काउने चेतावनी दिए। त्यस्तै इलामका सचिव तागेराले सुवास नेम्बाङ लिम्बूहरूको विरोधमा लाग्दै अहिले जनहत्याको मतियार भएकाले इलामबाट लखेट्ने ठाडो चेतावनी दिए। उता ताप्लेजुङ इन्चार्ज सकलले केपी-प्रचण्डजस्ता जनघाती दलालका मतियारहरूलाई जनताले ठेगान लगाउने बताए। धनकुटाका सेक्रेटरी विशालले जनहत्यारो सरकारले आफ्ना इन्चार्ज विवशलाई गिरफ्तार गरी बेपत्ता बनाएको हुनाले अविलम्ब रिहा गर्न माग गरे। यस्तै स्थिति हो भने आफूहरू पनि सरकारी मान्छेहरूलाई गिरफ्तार गर्न बाध्य हुने उनले बताए। उता पाँचथरका सेक्रेटरी राजुले पार्टीविरुद्ध जिल्लामा देखिएका षड्यन्त्रको पहिचान भएकाले समय आएपछि कारबाही गरिने चेतावनी दिए। सोहीअनुसार मेची-कोसी ब्युरोका सबै जिल्लाहरूमा विभिन्न नेता तथा कार्यकर्ताहरूले कोणसभामा बोलेका थिए।

केपी-प्रचण्ड सरकार दिनानुदिन आफ्ना फासिस्ट हर्कत प्रदर्शन गर्दै निहत्था नागरिकहरूको हत्यामा उत्रन थालेपछि त्यसको विरोधस्वरूप १० गतेका लागि आयोजना गरिएको नेपाल बन्दमा सहयोग गरिदिन सबैलाई अपिल गरिएको ब्युरो कार्यालयका सचिवले बताए। साथै सबै उद्योगी, व्यवसायी, शिक्षण संस्था, यातायात सबैलाई बन्द गरी सहयोग गरिदिनसमेत मेची-कोसी ब्युरोले अपिल गरेको छ।



# चीन–अमेरिका टक्करको अन्तर्य

चीन र अमेरिकाको बीचमा व्यापार युद्ध चर्किँदै गएको छ । विश्वको पहिलो र दोस्रो ठूला आर्थिक शक्तिहरूबीचमा व्यापार युद्ध चर्केर गएको कारण विश्वभर चिन्ता गरिएको छ । चीन र अमेरिका दुवै देशको नागरिक जीवन पनि प्रभावित भएको छ । त्यसको पछाडि टार्न नसकिने आर्थिक कारणहरू रहेका छन् ।

२०७५ पुस २७ गते बेइजिङमा भएको केन्द्रीय सैन्य आयोगको बैठकमा चिनियाँ राष्ट्रपति सी जिन पिङले भनेका थिए, 'विश्वमा अहिले जुन प्रकारका परिवर्तनहरू भइरहेका छन्, बितेको एक दशकमा कहिल्यै भएको थिएन । त्यसैले हामी सचेत रहनुपर्छ, रणनीति विकास गर्नुपर्छ ।' त्यही समयमा २ जनवरी सन् २०१९ मा चिनियाँ जनकाङ्ग्रेस सन् १९७९ मा ताइवानलाई मातृभूमिमा एकीकरण हुन औपचारिक रूपले आह्वान गरेको ४० औँ वर्षगाँठमा सी जिन



अनिल शर्मा विरही

क्रिस्चियन धार्मिक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै मन्त्री प्रदीप ज्ञवालीको अमेरिका भ्रमणसम्म पुग्दा 'हिन्द–प्रशान्त रणनीति' सन् १९४७ मा नेपाल संलग्न भएको देखिन्छ । जनदबाबको कारण सरकारले त्यसलाई स्वीकार गर्न सकेको छैन । तर अमेरिकी सरकारले त्यसलाई सार्वजनिक गरिसकेको छ । चीन र नेपालको सरोकारका विषयमा अमेरिका प्रवेश

पहिलो आर्थिक शक्ति बन्नेछ । आर्थिक शक्ति कालान्तरमा राजनीतिक तथा सांस्कृतिक शक्ति बन्छ भनिरहनु पर्दैन । त्यही कारणले अमेरिकालाई १०५ डिग्रीको ज्वरो आएको छ ।

दूरसञ्चार प्रदायक संस्था हुवावे निमित्त कारण बन्न गएको छ । अमेरिकाले ओबामा कालमै चीनमाथि प्रविधि चोरेको, गुप्तचरी गरेको, अमेरिकी बजारमा अतिक्रमण गरेको आरोप लगाएकै हो । डोनाल्ड ट्रम्पले चीनविरोधी ती आरोपहरूलाई चर्काए । अहिले त्यो विवाद व्यापार युद्धमा प्रवेश गरिसकेको छ ।

खुला र स्वतन्त्र व्यापार नीतिको जननी अमेरिका हो । आज जब अमेरिका विश्व बजारमा कमजोर देखिनासाथ संरक्षणवादी नीतिमा फर्केको छ र चीन भने खुला बजार पक्षपाती देखिएको छ । चीनसँग बजारमा प्रतिस्पर्धा गर्न नसकेपछि



पिङले 'ताइवान शान्तिपूर्ण रूपमा मातृभूमिमा पुनः एकीकरण हुन्छ । त्यसो नभएमा बल प्रयोग गर्नसक्ने अधिकार चीनसँग सुरक्षित छ' भनेका थिए । चीनको त्यसप्रकारको सोचाइ सार्वजनिक हुनासाथ विश्वमा ठूलो तरङ्ग आएको थियो । पहिलो भनाइले विश्वका पछिल्ला सामरिक चुनौती सामना गर्न चीन तयार छ भन्ने सङ्केत थियो । नेटो सैन्य गठबन्धनको दबाबमा चीनले पहिलो शक्ति बन्ने प्रतिस्पर्धा छोड्दैन भन्ने हुनसक्छ । सीको दोस्रो भनाइले ताइवानीहरूको कुरा छोडौँ, अमेरिकासमेत तरङ्गित भयो । चीनलाई कमजोर बनाउने एक मात्र अस्त्र अब ताइवान रहेको छ । ताइवानमाथिको हमला अमेरिकामाथि पनि हमला हो भन्ने कुरा विश्वलाई थाहा छ ।

आक्रामक शैलीका अमेरिका राष्ट्रपतिले ट्रम्पले ताइवानलाई धाप मारिरहेकै समयमा सीले आक्रामक जवाफ दिएका छन् । यसबाट चीन र अमेरिकाका बीचमा भइरहेको व्यापार अर्थात् आर्थिक प्रतिस्पर्धा फौजी मोर्चातिर बदलिन खोजेको देखिन्छ ।

एसियामा जापानको आत्मसमर्पण भइरहेको बेला सन् १९४७ मा चीनमा निकट भविष्यमा साम्यवादी सरकार अस्तित्वमा आउने निश्चित भइसकेको थियो । सन् १९१९ मा सोभियत सङ्घले चीनमा आफ्नो औपनिवेशिक वर्चस्व परित्याग गर्दै ५ बुँदे घोषणापत्र जारी गरिसकेको थियो । चीन अर्को पश्चिमी टाउको दुखाइ बन्दै थियो । त्यसकारण अमेरिकाले सन् १९४७ मा नै हिन्द–प्रशान्त क्षेत्रमा जापानको विरासत कब्जा गर्ने उद्देश्यले 'हिन्द–प्रशान्त रणनीति' घोषणा गऱ्यो । अमेरिकाले उसबेलादेखि नै नेपाललाई उक्त गठबन्धनमा समावेश गराउन चाहन्थ्यो । तर नेपाल, भारतसहित विश्वका धेरै देशहरू असंलग्न परराष्ट्र नीतिमा संलग्न रहे । नेपाल वार्सा सैन्य सङ्गठन र नेटो सैन्य सङ्गठन दुवैमा बसेन ।

पछिल्लो समय नेपाल र अमेरिका दुवै देशको परिदृश्य बदलिएको छ । वली नेतृत्वको नेकपा (एमाले) र सरकारलाई भाजपाले रुचाएको छैन । एमालेसँग निकट सम्बन्ध रहेको भारतीय काङ्ग्रेस सत्ताबाहिर छ र उसको आकार झन्झन् गिर्दै गएको अवस्था छ । नेपालमा चीन र भारत 'कार्ड' को निकै चर्चा हुन्छ । तर २०१७ सालपछि महेन्द्रले भारतका विरुद्ध अमेरिकी कार्ड प्रयोग गरेका थिए । नाकाबन्दीपछि भारतका विरुद्ध वलीको पार्टी र सरकारले अमेरिकी कार्ड प्रयोग गरे ।

यता अमेरिकामा डोनाल्ड ट्रम्प सत्तामा आएपछि चीनका विरुद्ध आक्रामक रूपमा प्रस्तुत भए । त्यसका लागि नेपाल सामरिक दृष्टिले महत्वपूर्ण थियो । केपी वलीको अमेरिकी कार्ड गरेर नेपालको स्वतन्त्र भूमिका खोसेर संरक्षकको भूमिकामा प्रवेश गरिसकेको छ । दक्षिण तथा पूर्वी एसिया र प्रशान्त क्षेत्रीय सैन्य मामिला प्रमुख तथा उपरक्षामन्त्री जोसेफ फेल्टरले पुस १३ गते 'चीनको मात्रै नभएर नेपालको पनि हित हुने खालको सम्बन्धलाई अमेरिका स्वागत गर्दछ' भनेका थिए । नेपालमा बढ्दो चिनियाँ लगानी र त्यसमार्फत बढ्दै गएको राजनीतिक प्रभावप्रति अमेरिकी हस्तक्षेप थियो । फेल्टर अझ अगाडि भन्छन्, 'हामी चाहन्छौँ हिन्द–प्रशान्त रणनीतिका सदस्य राष्ट्रहरूको सार्वभौमिक इच्छालाई कुनै शक्तिले परास्त गर्न नपाओस्' अब नेपाल अमेरिकी सैन्य गुटमा प्रवेश गऱ्यो कि गरेन भन्ने बहस नै आवश्यक भएन । बरु सरकारले जनतालाई ढाँटिरहेको छ । यो सरकारको अन्त्य र नयाँ सरकारद्वारा असंलग्न परराष्ट्र नीतिको पुनः निरन्तरता आजको विकल्प हो । चीनले अमेरिकी नीतिको खुलेर विरोध गरिसकेको जगजाहेर छ । यसरी चीन–अमेरिका सङ्घर्षको परकम्प नेपालमा अनुभव भइसकेको छ । हिन्द–प्रशान्त रणनीति र रेसम मार्ग दुवै डुङ्गामा गोडा राख्नु दुर्घटनाको पूर्वसङ्केत मान्नुपर्छ ।

विज्ञान, प्रविधि र आर्थिक दृष्टिले चीन कुनै बेला संसारको अग्रणी देश थियो । बारुद, कागज, छापाखाना चीनले नै विश्वलाई दिएको हो । सामन्तवादको उत्तरार्द्धमा चीनले ढोका बन्द नीति लियो । संसारलाई नदिने–नलिने नीति लियो । 'अज्ञानतामै पूर्ण आनन्द छ भने ज्ञान प्राप्त गर्नु मूर्खता हो' अर्थशास्त्री कार्बाइलले भनेका थिए । यसरी अन्धकारमा बसिरहेको बेला विश्वले ठूलो फड्को माऱ्यो । चीन अन्धकारमा डुबेको बेला जापान, रुस, अमेरिका, बेलायत, फ्रान्स र पोर्चुगलले टुक्राटुक्रा पारेर चीनलाई उपनिवेश बनाए । अक्टोबर क्रान्तिपछि चीनमा नयाँ जागरण सुरु भयो । सन् १९१९ मा सोभियत सङ्घले चीनमाथिको उपनिवेश परित्याग गर्ने निर्णयसहित ५ बुँदे नीति सार्वजनिक गऱ्यो । अध्यक्ष माओको नेतृत्वमा साम्यवादी क्रान्ति भएपछि चीनले प्राचीन वैभव फर्काउने अठोट गऱ्यो । त्यसका लागि पर्याप्त कच्चा पदार्थ, खनिज पदार्थ, जमिन, जलस्रोत, सामुद्रिक मार्ग, विशाल भूभाग र श्रमशक्ति थियो । दृढ इच्छाशक्ति र नेतृत्वको मात्रै अभाव थियो । कम्युनिस्ट पार्टीले त्यो कमीलाई पूरा गऱ्यो । सन् १९५६ मा अध्यक्ष माओले 'चाइना युथ डेली' अखबारलाई दिएको अन्तरवार्तामा 'चीनले आगामी १५ वर्षमा बेलायतलाई उछिन्ने' घोषणा गरेका थिए । सीले सन् २०३० सम्ममा अमेरिकालाई जित्ने रणनीति लिएका छन् । चीनको गति यसरी नै कायम रहिरहने हो भने एक दशक होइन, केही वर्षमै चीन विश्वको

र चीनसँगको व्यापारघाटा धान्न नसक्ने भएपछि अमेरिका आफ्नै पूर्वअडान र नीतिबाट विचलित भएको छ । अमेरिकाको नैतिक बल र वैचारिक नेतृत्व कमजोर भएको छ ।

सन् १९१८ मा अमेरिकाले चीनसँग आयात ५ खर्ब ४० अर्ब गऱ्यो भने निर्यात १ खर्ब २० अर्ब मात्र गरेको छ । चीनले आफ्नो कुल निर्यातको २० प्रतिशत अमेरिकामा मात्र निर्यात गर्दै आएको थियो । दुवै देशले एकअर्काका वस्तुमाथि भन्सार महसुल बढाउन थालेपछि दुवै देशमा समस्याहरू हुन थालेका छन् ।

अमेरिकाले दूरसञ्चार सेवा प्रदायक कम्पनीहरू जेटीई र हुवावेलाई सूचना चोरेको आरोपमा प्रतिबन्ध लगाएको छ । जेटीई चीनको विश्वप्रसिद्ध कम्पनी हो । हुवावेको त विश्वमा अर्को प्रतिस्पर्धी कम्पनी जन्मिन पनि सकेको छैन । हुवावेले निकट भविष्यमा नै छ्न सेवा सुरु गर्ने दाबी गरेको छ । यो सेवा सुरु भयो भने घरमा, कार्यालयमा वा बैठक कोठामा बसेर कुकर, ढोका, फ्रिजलगायत सबै घरेलु सामान १ सेकेन्डमा नै इन्टरनेटीकरण हुनेछन् । अमेरिकासहित अरू देशले भेउ नै नपाएको समयमा हुवावेले ठूलो प्रगति गरेको दाबी गरेको छ । उसले त्यो सेवाको विस्तारका लागि ठेक्कासमेत अघि बढाएको छ । त्यसकारण अमेरिकामा अहिले अक्टोबर क्रान्तिको भन्दा ठूलो 'हुवावे आतङ्क' छ । त्यसकारण अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड, बेलायत र क्यानाडाले हुवावेको छ्न प्रविधि खरिद गर्न आफ्नो देशमा प्रतिबन्ध नै लगाएका छन् । छ्न प्रविधि अमेरिकाको हो र त्यसबाट उसले वार्षिक ४ सय ४५ अर्ब डलर आम्दानी गर्दछ । चीनले छ्न प्रविधि अविष्कार गऱ्यो भने अमेरिकाको प्रविधिबाट प्राप्त आम्दानी गुम्नेछ । प्रविधि प्रयोग गरेबापत प्राधिकार र सामान बेचेर आउने खर्बौंको हिसाब छँदैछ । यसरी चीनले प्रविधिमा गरिरहेको विकासबाट पश्चिमी देशहरू आतङ्कित छन् । उनीहरू प्रविधिमाथिको वर्चस्व कायम राख्न चाहन्छन् । त्यसका निम्ति चीनलाई झुकाउन चाहन्छन् । सन् २०२५ सम्ममा हुवावेले छ्न सेवा सुरु गर्ने लक्ष्यसहित काम सुरु गरेको छ । यसले सम्पूर्ण प्रविधिसहित स्वतन्त्र सेवा दिने र पश्चिमको विकल्प दिने बताएको छ ।

आज अमेरिकाको हतियारको व्यापार घट्दै गएको छ । उसको अर्को स्रोत प्रविधि हो । प्रविधिमा पनि चीन अगाडि आएपछि अमेरिकासहित पश्चिमी देशहरू चिन्तित भएका छन् । उनीहरूको विश्वमाथि कायम रहेको प्रभुत्व कमजोर हुँदैछ । त्यही खस्कँदो वर्चस्वको छट्पटाहट हो चीन–अमेरिका व्यापार युद्ध ।

# सक्रिय रक्षामा रहन नेता–कार्यकर्तालाई महासचिव विप्लवको आह्वान

■ **गंगाप्रसाद चौलागाई/काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टीले केपी वली सरकारले फासिवादी शैलीले देशभर बर्बरतापूर्वक हत्याअभियान सञ्चालन गरेको भन्दै त्यसका विरुद्ध यही असार १० गते मङ्गलबार नेपाल बन्दलगायत सङ्घर्षका कार्यक्रम सार्वजनिक गरेको छ । नेकपाका महासचिव विप्लवले आज प्रेस वक्तव्य जारी गर्दै पार्टीका नेता र कार्यकर्तालाई सक्रिय रक्षामा रहन पनि निर्देशन गरेका छन् ।

महासचिव विप्लवद्वारा जारी वक्तव्यमा भनिएको छ, 'केपी वली नेतृत्वको सामाजिक दलाल सरकारले देशलाई भयानक भिडन्तर्तिर धकेल्ने र लूटको राज्य लम्ब्याउने बदनियतले मुठभेडका नाममा दैनिक निःशस्त्र कार्यकर्तालाई नियन्त्रणमा लिँदै हत्या गर्दै गरेको छ । त्यसै क्रममा असार ५ गते राजनीतिक कार्यक्रम सकेर फर्कँदै गर्दा सर्लाही लालबन्दी १ लखन्ती खोलामा हाम्रो पार्टीका सर्लाही जिल्ला इन्चार्ज कमरेड कुमार पौडेललाई सरकारले नियन्त्रणमा लिएर बर्बरतापूर्वक हत्या गरेको छ र जनता तथा आफ्नो गैरन्यायिक हत्या र अपराधमाथि पर्दा हाल्न कथित भिडन्तको कथा सार्वजनिक गरेको छ । पार्टी फासिवादी सरकारको त्यो दाबी खारेज गर्दछ र सबै न्यायप्रेमी नागरिक, मानवअधिकारकर्मी, सञ्चारजगत् र बौद्धिक तथा नागरिक समाजसँग निष्पक्ष छानबिनका लागि अपिल गर्दछ । वार्ताको प्रचार गर्दै राजनीतिक कार्यकर्ताहरूको हत्या गर्ने फासिवादी वली सरकारको षड्यन्त्रविरुद्ध दृढ भएर लाग्न सबै पक्षमा आह्वान पनि गर्दछ । साथै पार्टी कार्यकर्तालाई सक्रिय रक्षामा रहन पनि निर्देशन गर्दछ ।'

महासचिव विप्लवको वक्तव्यको अन्त्यमा भनिएको छ, 'पार्टी फासिवादी सरकारद्वारा हत्या गरिएका कमरेड कुमार पौडेललाई महान् सहिद घोषणा गर्दछ र क्रान्तिको प्रक्रियामा बदला लिने प्रतिबद्धता व्यक्त गर्दछ । सहिदका आफन्तजनप्रति गहिरो समवेदना प्रकट गर्दै सहिदको सपना पूरा गरिछाड्ने प्रतिबद्धता व्यक्त गर्दछ ।'

नेकपाले बर्बरतापूर्ण हत्याका विरुद्ध असार ७ गते प्रचारप्रसार, असार ८ गते कोणसभा तथा घरदैलो, असार ९ गते मसाल जुलुस, र असार १० गते नेपाल बन्द गरेको छ ।

बन्द कार्यक्रम सफल भएपछि नेकपा महासचिव विप्लवले बन्दमा सघाउने सबैलाई धन्यवाद दिएका छन् ।

# कुमार पौडेल हत्या छानबिन गर्न मानवअधिकार आयोग सर्लाहीमा

**काठमाडौँ** : असार ५ गते बिहीबार सर्लाहीमा प्रहरीले नेकपाका जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या गरेको विषयमा छानबिन गर्न राष्ट्रिय मानवअधिकार आयोगको टोली सर्लाही पुगेको छ । राष्ट्रिय मानवअधिकार आयोगका सदस्य जीवन न्यौपानेको नेतृत्वमा एउटा टोली शुक्रबार बिहानै घटनास्थलतर्फ गएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य प्रकाश अवस्थीले दिएको जानकारीअनुसार मानवअधिकार आयोगको टोलीले दुई दिनभित्र घटनाको छानबिन गर्नेछ । कुमार पौडेलको हत्याको विषयलाई लिएर निष्पक्ष छानबिन हुनुपर्ने चौतर्फी आवाज उठिरहेको बेला मानवअधिकार आयोगको टोली घटनास्थल पुगेको हो ।

प्रहरीले सर्लाहीको लालबन्दी नगरपालिकास्थित लखन्तीखोलामा नेकपाका नेता पौडेलको हत्या गरेको थियो । स्थानीय बासिन्दा र नेकपा स्रोतका अनुसार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली प्रहार गरी हत्या गरेको हो । प्रहरीले भने पौडेल दोहोरो मुठभेडमा मारिएको दाबी गरेको छ । प्रहरीले दोहोरो मुठभेड भनेको उक्त घटनाबारे आयोगले आफ्नो ध्यानाकर्षण भएको भन्दै छानबिन गर्ने जनाएको थियो । आयोगका सचिव/प्रवक्ता वेद भट्टराईद्वारा ६ गते जारी विज्ञप्तिमा भनिएको छ, 'दोहोरो भिडन्तका क्रममा प्रहरीको गोलीबाट यही असार ५ गते नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का जिल्ला इन्चार्ज कुमार पौडेलको मृत्यु भएको भनिएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।'

नेकपाले आफ्नो पार्टीका जिल्ला नेताको हत्या भएको भन्दै यही असार १० गते नेपाल बन्दलगायत सङ्घर्ष घोषणा गरिसकेको छ ।

आयोगले घटनाको सत्यतथ्य अनुसन्धान तथा अनुगमन गर्न आयोगको केन्द्रीय कार्यालय एवम् प्रदेश नं. २ कार्यालयबाट टोली खटिएको पनि जनाएको थियो । आयोगको विज्ञप्तिमा भनिएको छ, 'आयोगको उक्त टोलीले घटनाको अनुसन्धान तथा अनुगमन गरी तत्काले आयोगमा प्रतिवेदन पेस गर्नेछ । आयोगको उक्त टोलीलाई आवश्यक सहयोग पुऱ्याइदिनुहुन आयोग सम्बन्धित सबै पक्ष तथा सरोकारवालालाई आग्रह गर्दछ ।'

# धादिङ जिप दुर्घटनामा चारजनाको मृत्यु

**धादिङ** : जिल्लाको बाफगाउँमा बिहीबार जिप दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ । कालीगाउँबाट तरकारी लिएर बैरेनीतर्फ आउँदै गरेको बा १८ च ९४०८ नम्बरको जिप गल्छी गाउँपालिका ६ को बाफगाउँमा सडकबाट २० मिटर तल खस्दा घटनास्थलमै चारजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक हेमराज घिमिरेका अनुसार तरकारी बिक्री गर्न बजार झरेका किसान चढेको जिप दुर्घटनामा परेको हो । दुर्घटनामा घाइते भएका १० जनाको धादिङको गल्छी र धार्केका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । गम्भीर घाइतेहरूलाई भने काठमाडौँ पठाइएको उनले बताए । मृतक र घाइतेको सनाखत भएको छैन ।

कच्ची सडकको साँघुरो घुम्तीमा चालकले जिप नियन्त्रणमा लिन नसक्दा दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको उनले बताए ।

# अनैतिक कार्य गर्ने प्रधानाध्यापकलाई कालोमोसो र जुत्ताको माला

**चितवन** : चितवनको राप्ती नपा १० पहरीको राष्ट्रिय आधारभूत प्राविका प्रधानाध्यापक पन्तबहादुर विकले सोही विद्यालयमा पढाउने एक शिक्षिकासँग अनैतिक सम्बन्ध राख्दै आएको पुष्टि भएपछि विकलाई जनपरिषद् राप्ती नगरसमितिले कालोमोसो र जुत्ताको माला लगाई जनकारबाही गरेको समाचार प्राप्त भएको छ ।

स्थानीय राजनीतिक दलहरूले विकलाई पटकपटक गलत काम नगर्न आग्रह गर्दा पनि नमानेको, उल्टै मेरो पार्टीको दुई तिहाइको सरकार छ, तिमीहरु के गर्न सक्छौ भन्दै धम्की दिने गरेको समाचारमा जनाइउको छ ।

प्रअ विकको श्रीमती सुनिता विक आफूलाई श्रीमानले निरन्तर मानसिक तथा शारीरिक यातना दिएको भनी प्रहरीमा उजुरी गर्नसमेत गएकी थिइन् । तर सत्ताधारी पार्टीको वडा अध्यक्ष अमर तामाङको आदेशमा प्रहरीले उजुरी पनि दर्ता नगरेको र पीडकमाथि कुनै कारबाही नगरी पक्राउ गरेको दस मिनेटमै मुक्त गरेको प्राप्त समाचारमा जनाइएको छ ।

प्रहरीले वडाध्यक्षको आदेश मानी आफूले दिएको उजुरीसमेत दर्ता नगरेको सुनिताले बताइन् । वडाध्यक्ष तामाङको आडमा प्रअ विकले गाउँसमाजमा मनपरी गर्दै आएको उजुरी जनसरकारमा परेको थियो । गाउँसमाज भेला बस्दा विकले अब आइन्दा श्रीमतीलाई दुःख पनि दिन्नँ र परस्त्रीसँग अवैध यौनसम्बन्ध पनि राख्दिनँ भनी कबुल गरी कागजसमेत गरेका थिए । तर गाउँसमाजको निर्णय पनि पटकपटक उल्लङ्घन गरेकाले जुत्ताको माला र कालोमोसो लगाई विकलाई गाउँ घुमाइएको जनपरिषद्ले जनाएको छ ।

# अभियानले पारेको प्रभाव

**दिनेश सारु**

आज नेपाली जनमस्तिष्कमा एउटा सुपरिचित शब्द हो 'अभियान !' झ्वाट्ट सुन्दा सामान्य लागे पनि यो शब्दलाई गहिराइमा गएर अर्थ्याउने हो भने यसले निकै गहन अर्थ राख्छ। खास गरेर नेपालमा सामान्य जनताको तहमा जनस्तरबाट राख्ने बुझाइमा खासै चासो र अर्थको विषय मानिँदैन । तर त्योभन्दा अलि माथि गएर राजनीतिक पार्टीहरूको वृत्तमा गएर हेर्दा यसको अर्थ अलि जोडतोडले लाग्छ । विशेषतः त्यसमा पनि कम्युनिस्ट विचारधारा मान्ने राजनीतिक पार्टीहरू र गैरकम्युनिस्ट तथा कथित लोकतान्त्रिक भनिने पार्टीहरूको माझमा यसको अर्थ नितान्त भिन्न छ। यो लेखमा सबै प्रकारका विचारधाराबाट निर्देशित राजनीतिक पार्टीहरूले सञ्चालन गर्ने अभियानको अर्थ र महत्वका बारेमा व्याख्या गर्न खोजिएको छैन। नितान्त हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले केही समयअगाडि सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान-२ चलाउनुको उद्देश्य, महत्व, यसले पारेको प्रभाव तथा समग्र उपलब्धिका पाटा र पक्षहरूको मात्र उल्लेख गर्न खाजेको हो।

हाम्रो पार्टी पुनर्गठनपछि हामीले विभिन्न समयमा विभिन्न भूगोलहरूमा धेरै राजनीतिक अभियानहरू चलाउँदै आएको छौँ । हामीले हाम्रो पार्टीलाई जनताको तहसम्म स्थापित गर्न र जनतालाई हाम्रो क्रान्तिप्रति समर्पित र गोलबन्द गर्नलाई हामी सधैँ जनताको घरदैलो तथा दुर्गम गाउँका झुपडीका जनताको घरमा गएर हाम्रा उद्देश्यहरू राख्दै आयौँ । यसप्रकारका कामकारबाहीहरू हामीले निरन्तर गर्दै आयौँ तर हाम्रो पार्टी खासखास ठाउँहरूमा पुग्न सकेको थिएन। त्यो कुराको अभाव पार्टीमा विगतदेखि नै खड्किएको थियो । हाम्रो पार्टीले क्रान्ति सम्पन्न गर्न वैचारिक, राजनीतिक, साङ्गठनिक, आर्थिक, सांस्कृतिकलगायत क्षेत्रहरूमा केही नयाँ चीजको विकास गरेको छ। उक्त विकसित विचार तथा योजनाहरूलाई जनताको तहमा लैजान नै हामीले विगतदेखि नै निरन्तर अभियानहरू सञ्चालन गर्दै आयौँ । यसैअन्तर्गत हाम्रो पार्टीले ठोस गरेका क्रान्तिका पाँच आधारलाई चार क्षेत्रसँग जोड्न २०७५ माघ १ देखि देशैभर महाभारत क्षेत्रमा २ महिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गरेको हो।

२०७५ साल माघ १ गते सिन्धुली जिल्लाको सुनकोसी गाउँपालिकाको नाङ्गेडाँडामा हाम्रो पार्टीका पीबीएम कमरेड अनिल शर्माको प्रमुख आतिथ्य, अभियानका कमान्डर क. शिलुको उपस्थिति तथा सबै अभियानका सदस्यहरूलगायत ठूलो स्तरमा जनताको उपस्थितिमा हामीले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान उद्घाटन गरियो। अभियान उद्घाटनपछि अभियानका कमान्ड शिलुको अध्यक्षतामा र सबै अभियान टोली सदस्यहरूको उपस्थितिमा हामीले अभियान सञ्चालन गर्नुको उद्देश्य, महत्व, यसको जटिलता, यसले पार्ने प्रभाव र हामीले प्राप्त गर्नुपर्ने उपलब्धिहरूका विषयमा कमान्डर शिलुले योजनाबारे चर्चा गर्नुभयो । सबै अभियान सदस्यहरूको सुझावपछि अन्त्यमा २ महिनाभर हाम्रो अभियान सुनकोसी गाउँपालिका र गोलन्जर गाउँपालिकाको महाभारत क्षेत्रमा सञ्चालन हुने ठोस गरियो जसअन्तर्गत ५ वटा उपटोली निर्माण गरियो। प्रत्येक उपटोलीमा टोली कमान्डर र सहायक कमान्डर रहने गरी एउटा समूहमा कम्तीमा ५ र बढीमा ८ सदस्य रहने गरी टोली विभाजन गरियो जसमा शशी, नयन, रोहित, मौसम र अमरको नेतृत्वमा टोली रहने र उक्त टोलीमध्ये नयन र शशिको टोली सुनकोसी गाउँपालिकामा रहने गरी भूगोल तोकियो। त्यसैगरी रोहित, मौसम र अमरको टोली गोलन्जर गाउँपालिकामा रहने गरी भूगोल विभाजन गरियो । अभियान कमान्डर शिलु, लक्ष्मण, दिनेश रहने गरी कार्यालय निर्माण गरियो । अभियान आत्मनिर्भर तथा मितव्ययी, जनदिशा लागू गरी जननिर्भर हुने भनियो । अभियानको उक्त टोली कमान्डरहरूको आवश्यक कोअर्डिनेसन कार्यालयमा गर्ने र कार्यालयको सुझाव तथा निर्देशनअनुसार कामकारबाही अगाडि बढाउने निर्णय गरियो । अभियानमा पार्टीको सेल निर्माण, जबज निर्माण, जवसको सदस्यता वितरण, पूर्णकालीन कार्यकर्ता उत्पादन, राजनीतिक ध्रुवीकरण, आर्थिक पर्चा वितरण, वालिङ, कोणसभा, पिँढीसभा, जनसभा, जनश्रम, उत्पादन कार्य, कार्यकर्ता परिचालन, सहिद परिवार भेटघाट, रातो खबर साप्ताहिक तथा मार्क्सवादी अध्ययन सामग्री वितरण गर्नें योजना निर्माण गरियो । उक्त योजना तर्जुमा ब्रिफिङपछि सबै टिमहरू आआफ्नो कार्यक्षेत्रमा प्रस्थान गरियो।

## १) वैचारिक, राजनीतिक काम

जब नेपालमा माओवादी आन्दोलनको विचलन, विघटन, विसर्जन, धोकाधडी र मूल नेतृत्वको आत्मसमर्पणपछि हामीले नेपालको क्रान्तिलाई सम्पन्न गर्न माओवादी आन्दोलनलाई नयाँ सिराहाबाट सुरु गरेर पुनः नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन गरियो । हाम्रो पार्टी पुनर्गठनपछि हामीले एकीकृत जनक्रान्तिको कार्यदिशा ठोस गरेर उक्त कार्यदिशामार्फत नेपालको दलाल, पुँजीवादी, संसदीय व्यवस्थालाई अन्त्य गरी जनताको आफ्नै राज्यसत्ता, वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् यात्रामा हामी निरन्तर लागिपरेका थियौँ । तर उक्त कुरा नेपालको दूरदराज झुपडीमा बस्ने किसान, मजदुर, महिला, दलित, युवा, विद्यार्थी, सुकुमबासी, सहिद परिवारलगायत समग्र रूपमा यो राज्यसत्ताबाट उत्पीडन, दमन र थिचोमिचोमा परेको गरिब जनतालाई हामीले बुझाउन र सुनाउन सकेका थिएनौँ। नेपालका सबै उत्पीडित जनताको मस्तिष्कमा के परेको थियो भने माओवादी भनेका प्रचण्ड-बाबुराम मात्रै हुन्। अरू छैनन् जो र जसका विरुद्ध लडेको थियो उसैसँग गएर घाँटी जोडेर मिलिसक्यो । अब केही हुँदैन । जो आए पनि त्यही हो भन्ने ठूलो भ्रम थियो । हाम्रो अभियान त्यो भ्रमलाई चिर्न सफल भएको छ। माओवादीहरू बिग्रिएका छैनन् । प्रचण्ड-बाबुराम मात्र बिग्रेका हुन् । माओवादीहरू पुनः फेरि क्रान्तिको झन्डा बोकेर गाउँगाउँमा छिरेको छ भन्ने नयाँ सन्देश दिन पनि यो अभियान सफल भएको छ। अब नेपालको राज्यसत्ताबाट केही हुँदैन । गर्छ र हुन्छ भने एक मात्र पार्टी विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी हो भन्ने आमजनमानसमा स्पष्ट र विश्वस्त भएको छ। हामीले जिल्लामा अवस्थित सबै पेसा व्यवसायी, बुद्धिजीवी, शिक्षक पत्रकार, विद्यार्थी, उत्पीडनमा परेका जनता र सबै राजनीतिक पार्टीमा भएको जिल्लास्तरीय नेताहरूसँग घनीभूत ढङ्गले वैचारिक/राजनीतिकलगायत अन्य प्राविधिक पाटापक्षमा ठूला स्तरको छलफलपछि अन्त्यमा हाम्रो पार्टीले गर्न खोजेको एकीकृत जनक्रान्तिमा साथ, सहयोग, समर्थन र केहीले भौतिक रूपमै सहभागी हुने प्रतिबद्धता गरेका छन्। हाम्रो पार्टीले लिएको सही विचार तथा योजना र वैज्ञानिक योजनाका कारण देशैभरि हाम्रो पार्टी वैकल्पिक शक्तिका रूपमा स्थापित भएको छ र त्यो प्रभाव सिन्धुली जिल्लामा पनि पूर्ण रूपमा परेको छ।

## २) सङ्गठन

'विचारलाई भौतिक शक्तिमा बदल्ने मुख्य औजार नै सङ्गठन हो।'

हाम्रो पार्टी पुनर्गठनपछि हामीलाई राजनीतिक, वैचारिक चुनौतीका साथसाथै ठूलो स्केलमा साङ्गठनिक चुनौती पनि थियो । तथापि हाम्रो देशैभर पार्टी संरचना त बन्यो तर जनताको स्तरमा हामीले सबै जनतालाई गोलबन्द गरेर सङ्गठित गर्ने तहसम्म हामी पुग्न सकेका थिएनौँ । त्यो अभाव हामीलाई सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ ले सिन्धुली जिल्लामा सफलतापूर्वक सङ्गठन विस्तार गर्न सहयोग पुऱ्यायो जसअन्तर्गत हामीले दुईमहिने अभियानभरिमा २७१ वटा जबस कमिटी निर्माण गरियो। २३७० जनालाई जवसका सदस्यता वितरण गरियो । २७ वटा पार्टी एकाइ समिति निर्माण गरियो । सुनकोसी गाउँपालिका पार्टी समिति निर्माण गरियो । सबैजसो जवसका गाउँपालिकास्तरीय सङ्गठन निर्माण गर्न सकिने आधार तयार भयो। नबनेका ठाउँहरूमा धेरै ठाउँमा नयाँ पार्टी समिति र जवस निर्माण हुने आधार तयार भयो । हामीले अभियान सञ्चालन गरेको क्षेत्र (गाउँभरि) सबै ठाउँमा एकाध व्यक्तिबाहेक सबै जनता हाम्रो पार्टीमा सङ्गठित भए र पूरै गाउँहरू खाली हुनुका साथसाथै हाम्रो पार्टीले लिएको लक्ष्य र योजना वरिपरि जनताहरू उत्साहका साथ गोलबन्द भए।

## ३) आर्थिक

कम्युनिस्ट पार्टी र कम्युनिस्ट सत्ता विघटन र विचलन आउनुका धेरै कारण छन्। तीमध्ये एउटा महत्वपूर्ण कारण आर्थिक अपारदर्शिता अथवा आर्थिक दृष्टिकोण सही नहुनु पनि एक हो । त्यसकारण हाम्रो पार्टीले सुरुआतदेखि नै सबै तहमा आर्थिक प्रणाली चुस्त र पारदर्शी ढङ्गले सञ्चालन गर्दै आएको छ। हामीले त्यही नीतिलाई पछ्याउँदै हामीले २ महिनाभरि सबै अभियान टिमलाई जनतामा आत्मनिर्भर हुने गरी जनदिशा लागू गरी आर्थिक मितव्ययिता अपनाइयो। त्यसका साथसाथै जिल्लामा रहेका सबै व्यवसायी, उद्योगपति, व्यापारी, बुद्धिजीवी, प्राध्यापक, कर्मचारी, शुभचिन्तक सबैले ठूलो सङ्ख्यामा आर्थिक सहयोग गरी हामीलाई चाहिने सबै प्राविधिकलगायत व्यवस्थापकीय सामग्रीहरू सहजतापूर्वक अभियान टिमलाई उपलब्ध गराइयो । व्यवसायीहरूको सहयोगले जिल्ला पार्टी चलाउनेलाई पनि ठूलो सहयोग पुऱ्याएको छ। अप्ठ्यारोमा परेका पूर्णकालीन कार्यकर्ता, नेता, सहिद परिवार, बिरामी, अति विपन्न वर्गलगायत सबैलाई केही मात्रामा आर्थिक सहयोग हाम्रो अभियान टिमका तर्फबाट सहयोग गरियो।

| विषय | मेची | कोशी | सगरमाथा | जनकपुर |
|---|---|---|---|---|
| संगठन निर्माण | १७८ वटा | १४४ वटा | १७७ वटा | २६१ वटा |
| भित्ता लेखन | १०० वटा | १०० वटा | ३४३ वटा | १०११ वटा |
| पर्चा वितरण | ५ हजार प्रति | ५ हजार प्रति | ८ हजार प्रति | १३,५०० प्रति |
| श्रमदान | २ वटा | | ३ वटा | ८ वटा |
| कार्यकर्ता परिचालन | ८४ जना | ६१ जना | | ८५ जना |
| समीक्षा कार्यक्रम | ५ पटक | ४ पटक | २ पटक | ७ पटक |
| सदस्यता नवीकरण | | | ८८२ जना | २,३७० जना |
| सेल गठन | १० वटा | | ५९ वटा | २७ वटा |
| पिडी कोणसभा | २२ वटा | ११५ वटा | | ३७५ वटा |
| ध्र उत्पादन | १० जना | ७ जना | ४ जना | १४ जना |
| उत्पादन | | | | १,२०,००० |
| रातो खबर | २०० प्रति | २०० प्रति | २०० प्रति | ४०० प्रति |
| मार्क्सवादी साहित्य (रकममा मापन) | | | ८,४०० | ४५,००० |
| रातो सुखानी | २०० प्रति | २०० प्रति | २०० प्रति | १०० प्रति |
| सांस्कृतिक कार्यक्रम | १९ वटा | १८ वटा | ३ वटा | |
| जनसभा | ८ वटा | १२ वटा | | |

## ४) प्रचारप्रसार कार्य तथा सूचना-सञ्चार

पछिल्लो समयमा पुँजीवादीहरूले विरोधीहरूलाई दबाउन र आफ्नो तुच्छ कार्यलाई ढाकछोप गरी मूल विषयान्तर गरी आफ्नो असफलतालाई छोप्न सफल भएको प्रचार युद्धमार्फत हो। यो कुरालाई गम्भीरतापूर्वक ध्यान दिन सकिएन भने हाम्रो क्रान्तिलाई ठूलो क्षति हुनेछ। त्यसकारण उक्त कुरालाई हामीलाई आत्मसात गरी २ महिना अभियानभर प्रचारप्रसार कार्यलाई तीव्रता दिइयो जसअन्तर्गत विभिन्न ठाउँमा गरी १,०११ ठाउँमा वाल पेन्टिङ गरियो। १३,५०० प्रति पार्टीका अपिल वितरण गरियो । १०० प्रति रातो सुखानी वितरण गरियो। रातो खबर साप्ताहिक ४०० प्रति वितरण गरियो। त्यसैगरी धेरै सङ्ख्यामा मार्क्सवादी अध्ययन सामग्रीहरू जनता तथा कार्यकर्ता सबैमा वितरणका साथसाथै घनीभूत ढङ्गले अध्ययन गराइयो । हामीले सबै जनतालाई हाम्रो सामग्री वितरणपछि पढाएर, बुझाएर जनतालाई प्रशिक्षित गरियो। हाम्रो पार्टीको विचार, दृष्टिकोणहरू प्रचारप्रसारमार्फत तल्लो तहसम्म सम्प्रेषण गरियो।

## ५) कार्यकर्ता उत्पादन कार्य तथा जनश्रम

'विचार सही भएर मात्र हुँदैन त्यसलाई कार्यान्वयन गर्नलाई इमानदार नेता-कार्यकर्ता पनि चाहिन्छ।'

हामीले अभियान उद्घाटन गर्दाखेरि थोरै सङ्ख्यामा सुरुआत गरेको थियो । तर हाम्रो अभियानको अन्त्यअन्त्यतिर पुग्दा हामी अभियान टिमवरिपरि सयौँको सङ्ख्यामा मान्छेहरू गोलबन्द भएर हिँड्न तयार भए। यही क्रममा १६ जना नयाँ साथीहरू पूर्णकालीन हुनुभयो भने अन्य सयौँको सङ्ख्यामा पूर्णकालीन आधार निर्माण भयो। हाम्रो पार्टीले तय गरेको विचार तथा योजनालाई जनताका तहमा लगेर कार्यान्वयन गर्ने काममा यो अभियान कोसेढुङ्गाका रूपमा साबित भएको छ। उत्पादन कार्य र श्रममा नजोडिएको कार्यकर्ता कम्युनिस्ट पार्टीको सदस्य हुन सक्दैन भन्ने सिद्धान्तबाट हामी कम्युनिस्ट पार्टीका सदस्यहरू उक्त कुरालाई आत्मसात गरेर हामीले केही सहिद परिवार, केही घाइते, केही एकल महिला, केही अति विपन्न परिवारहरूलगायतको घर बनाउने, बाली भित्र्याउने, मल बोक्ने, तोरी माड्नेलगायत कयौँ सङ्ख्यामा हाम्रो अभियान टोलीले जनताको श्रम गऱ्यो भने हामीले पार्टीको उत्पादन कार्यका लागि १ लाख रुपैयाँ लगानी गर्ने निर्णय गरियो।

## ६) ध्रुवीकरण

हाम्रो पार्टीले अघि सारेको वैज्ञानिक समाजवादी कार्यक्रम, नेपालको वर्तमान दलाल, पुँजीवादी संसदीय व्यवस्थालाई ध्वंस गर्नुका निम्ति ठोस गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा सही लागेर विभिन्न समयमा विभिन्न पार्टीबाट हाम्रो पार्टीमा समाहित हुने क्रम त जारी नै थियो । तर त्यसको तुलनामा हामीले यो अभियान सञ्चालन गरेपछि सयौँको सङ्ख्यामा विभिन्न पार्टी परित्याग गरी हाम्रो पार्टीमा समाहित हुन आएका छन् जसअन्तर्गत माकेबाट ५ जना जिल्ला समिति सदस्य, वैद्य माओवादीबाट ६ जना जिल्ला समितिसहित अन्य विभिन्न जवस मोर्चाबाट सयौँको सङ्ख्यामा हाम्रो पार्टीको विचार सही लागेर हाम्रो पार्टीमा ध्रुवीकृत भएका छन्। हामीले गरेका ठोस कार्यक्रम व्यावहारिक रूपमै सही लागेपछि अन्य ठाउँहरूबाट पनि तत्कालै सयौँको सङ्ख्यामा ध्रुवीकृत हुने वातावरण तयार भएको छ।

## ७) अनुभूति तथा निष्कर्ष

हाम्रो पार्टीले जुन सहजताका साथ सहज वातावरणमा अभियान उद्घाटन गरेको थियो तर त्यो सहज परिस्थिति धेरै दिन रहन सकेन किनकि हाम्रो अभियानको उद्देश्य नै सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान भएपछि हामी त स्वाभाविक रूपमा जनतामा गएर हाम्रो विचार तथा कार्यक्रम भनेर जनतालाई सङ्गठित गर्ने र पुराना सदस्यलाई पुनर्गठित गर्ने काम भयो । त्यही क्रममा हामी जहाँ गयौँ त्यहाँका टोल, गाउँबस्ती हाम्रो पार्टीमा समाहित भयो । जवसको सदस्यता लिएपछि सबै गाउँबस्तीहरू विप्लवमय भएपछि त्यहाँका विरोधी तथा सत्ताधारी पार्टीहरूको निद्रा समाप्त भयो किनकि हाम्रो निर्माण हुनु भनेको तिनको भत्किने र समाप्त हुने हो। गाउँबस्तीहरू सबै सत्ताधारीका विरुद्ध र हाम्रो कित्तामा उभिएपछि हाम्रो पार्टी जनताका माझमा लोकप्रिय बन्दै गयो। त्यो कुरा यहाँका दलालहरूलाई स्वीकार्य नभएपछि बिस्तारै हामीमाथि दमनमा उठ्ने कुचेष्टा गरे। अन्त्यमा हाम्रो अभियानको निर्धारित समय सक्नुअगाडि नै हाम्रो पार्टीमाथि यो सामाजिक फासिवादी केपी-पीके सरकारले प्रतिबन्ध लगाउनु पऱ्यो । प्रतिबन्धपछि राज्य फासिस्ट ढङ्गले आयो । त्यो दमन पञ्चायतलाई समेत ओझेलमा पार्ने किसिमको थियो। हामी कयौँ ठाउँमा घेराबन्दीमा पऱ्यौँ। तर जनताको अपार मायाको कारणले हामी तिनको पन्जाबाट बच्न सफल भयौँ । यो अभियानले सिन्धुलीको गोलन्जर र सुनकोसी गाउँपालिकाको ८० प्रतिशत जनताले हाम्रो पार्टी र क्रान्तिमा समाहित हुने प्रतिबद्धता व्यक्त गरेका छन् । हाम्रो पार्टीले संश्लेषण गरेको केही रणनीतिक महत्वका क्षेत्रहरूमा क्रान्तिको धावन मार्ग निर्माण गरेको छ। अब हामी सहजतापूर्वक हाम्रो गन्तव्यमा सरिक हुन कुनै छेकबार हुनेवाला छैन । जनतालाई थुपारेको अन्याय, अत्याचार, भ्रष्टाचार, बलात्कार, हत्या, हिंसा, कर वृद्धि, राष्टघाट, जनघातलगायतको समस्या समाधान हुन्छ र यो अहिलेको दलालहरूलाई परास्त गरिन्छ भने हामी गाँस र बास होइन, रगत दिन तयार छौँ भनेर कयौँ जनताले हामीलाई अघि बढ्न प्रेरणा दिनुभयो।

अभियानले सिन्धुली जिल्लालाई नयाँ उचाइमा उठाएको छ । यो उचाइलाई यहाँको पार्टीले निरन्तरता दिनुपर्छ भन्ने सबै अभियान सदस्यहरूको सुझावपछि कमान्डर शिलुले सबैलाई अबिर लगाएर धन्यवाद दिँदै बिदाइ गर्नुभयो।

**गीत/कविता**

## दलाल सत्ता ढलेपछि



**उमा भुजेल 'शिलु'**

दलाल पुँजीवादी सत्ता ढलेपछि
वैज्ञानिक समाजवादी शासन ल्याएपछि

धनी-गरिब नभई समानता हुनेछ
महिला-पुरुष बराबरी गर्नेछ
सानो-ठूलो जातको भेदभव अन्त्य गर्नेछ
दलाल पुँजीवादी...

जनतालाई गाँस दिनेछ
जनतालाई बास दिनेछ
जनतालाई कपास दिनेछ
दलाल पुँजीवादी...

नेपाल स्वतन्त्र र सार्वभौम हुनेछ
शिक्षा, स्वास्थ्य, उपचारको व्यवस्था हुनेछ
बेरोजगारलाई रोजगार सुनिश्चित हुनेछ
दलाल पुँजीवादी सत्ता ढलेपछि
वैज्ञानिक समाजवादी शासन ल्याएपछि।

## मैले नलेखे कसले लेख्ने ?

*- मेनुका गुरुङ*

यस्तो बेला नलेखे कहिले लेख्ने ?
मैले नलेखे कसले लेख्ने ?
नरपिचासको नाङ्गोनाच
मेरो आकाशमाथि छटाएको कालो
बादल
रगतको बर्सात्
मैले नदेखे कसले देख्ने ?
कसैको लासमाथि राजनीति गर्नु
नौलो कुरै भएन अचेल
मेरो रगत बेचेर
तिमी रुईमा छौ
म भुइँमा
मसानघाटमा टेन्डर हाल्ने
नाङ्गा, अघोरीको फोहोरी चितामा
मैले हात नसेके कसले सेक्ने ?
तिमीहरूको गिदीको क्यान्सर
सरेर जिब्रोमा आइसक्यो
'रन्डी' जिन्दावाद
भनेको सुन्नै सक्दिनँ म।
तर लेख्न सक्छु
मैले नलेखे कसले लेख्ने ?
देश चरम विपत्को अवस्थामा पुग्दा
पितपत्रकारिता गर्नेले शान्ति खोज्दैन
मात्रै दाम खोज्छ, नाम खोज्छ
अमनचैन भत्काउने समाचार खोज्छ
दूधलाई दूध, पानीलाई पानी भन्न
न्यायको धारमा बलेको रापमा
मैले नटेके कसले टेक्ने ?
दुवै हात भाँचेर
टाउकोमा गोली ठोक्छ
अनि दोहोरो भिडन्त
भनिदिन्छ !
यो विक्षिप्त लास मेरो आफ्नै हो
आफ्ना लागि लेखेको लेख्यै गर्नुछ
आखिर मेरा लागि
मैले नलेखे कसले लेख्ने ?

## सक्रिय रक्षामा ...

प्रश्न गर्दै सरकारलाई रक्तप्यास जागेको हो कि भन्दै कतै कानुनले आत्महत्या गरेको हो भनी सिंहदरबारसँग जवाफ माग गरेका छन् ।

चर्चित सिने कलाकार एवम् 'नो ट्वायस, नो एनसेल' अभियानकी अभियन्ता रेखा थापाले भनेकी छिन्, 'यो राज्यआतङ्कको एक भद्दा रूप हो । यो नालायक र पाखण्ड सरकारले राजनीतिक आस्थाका आधारमा मानिस मार्नु गैरकानुनी काम हो ।' नवबहादुर कार्कीको गिरफ्तारीपछि कलाकार थापाले भनेकी छिन्, 'कुनै पार्टीको समर्थन गर्न पनि नपाइने यो कस्तो गणतन्त्र हो ?'

यस्तै सत्तारुढ पार्टीनिकट विद्यार्थी सङ्गठनका नेता केशव रावलले गृहमन्त्रीका नाममा चिठी लेख्दै भनेका छन्, 'गृहमन्त्रीको हैसियतमा रामबहादुर थापा 'बादल' ले गरेका काम निषेधित एरिया तोक्ने, फेक इन्काउन्टर, विप्लव नेकपासँगका फेक २ भिडन्त र दुई नेताको हत्या, केही टिप्पणी र संसद्को सम्बोधन, नेकपामाथिको प्रतिबन्ध, आस्थाकै आधारमा पक्राउ, धरपकड, भ्रुट्टा मुद्दासम्म आइपुग्दा र पन्चायती शासनको झल्को आएको छ ।' रावलले फेक इन्काउन्टर र भिडन्तको छानबिन गर्न माग गर्दै गृहमन्त्री कम्युनिस्ट आदर्शबाट च्यूत भएको कारण देश भड्खालोमा फस्न लागेकाले गृहमन्त्रीबाट राजीनामा दिन आग्रह गरेका छन् ।

यस्तै अर्का विद्यार्थी नेता जागृत रायमाझीले फेसबुकमा स्टाटस लेख्दै दोहोरो भिडन्तका नाममा नेकपाका नेतामाथि गरिएको हत्याको कारण बादल खुमबहादुर खड्काभन्दा एक थोपा रगतले पनि फरक नभएको बताएका छन् । यसैबीच व्यक्तिहत्याको विरोधमा नेकपाले एकदिने नेपालबन्द गरेको छ भने विभिन्न विरोधका कार्यक्रम पनि गर्दै आएको छ भने हत्याको बदला लिने र दमनको प्रतिरोध गर्ने घोषणा गरिसकेको छ ।

यसरी राजनीतिक आस्थाकै आधारमा गरिएको यसप्रकारको व्यक्तिहत्याका कारण केपी वली सरकार र रामबहादुर गृह प्रशासनको चौतर्फी आलोचना भएको छ ।

## कपिलवस्तुमा ...

प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घले व्यवस्थापन गरेको थियो । संयोग त के भने कपिलवस्तुमै रहेर पनि अविकसितजस्तै रहेको शिवगढी नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको गाउँ हो ।

कार्यक्रममा विप्लवकै पुत्र प्रकाश चन्दको विशेष भूमिका थियो । प्रकाश हाल अर्थो सर्जन अध्ययन गर्दै गरेका चितवन मेडिकल कलेजका विद्यार्थी पनि हुन् । राज्यको उपस्थिति शून्यप्रायः रहेको ठाउँमा स्वास्थ्यशिविर सञ्चालन गरेर जनतालाई थोरै भए पनि राहत महसुस गराउन खोजेको जनस्वास्थ्यकर्मी महासङ्घको महासचिवसमेत रहेका प्रकाशले बताए । उनले राज्यले गर्नुपर्ने काम जनस्वास्थ्यकर्मी महासङ्घले गरेको र यसलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरे ।

असार ७ र ८ गते २ दिनसम्म चलेको स्वास्थ्यशिविरमा गाइनो, बालरोग, हाडजोर्नी, छाला तथा यौनरोग, नाक, कान तथा घाँटी, प्रयोगशालालगायत विभागहरूबाट बिरामी जाँच गरिएको थियो । पहिलो दिन १ हजार ५० जना बिरामी स्वास्थ्यजाँचमा सहभागी भए भने दोस्रो दिन १५ सयभन्दा बढी बिरामीले स्वास्थ्य परीक्षण गराएका थिए । सर्वसाधारणले स्वास्थ्यशिविर अझ लम्ब्याउन अनुरोध गरेका थिए ।

शिविरका लागि औषधि जनस्वास्थ्यकर्मी महासङ्घले व्यवस्थापन गरेको थियो भने डाक्टर, नर्स, सीएमए, ल्याब असिस्टेन्टलगायत विभिन्न रोगका विशेषज्ञहरूसहित ४० जना स्वास्थ्यविज्ञको समूहले शिविरमा स्वास्थ्य परीक्षण गरेको थियो । कार्यक्रमको सहजीकरण नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तु, अखिल (क्रान्तिकारी) लगायतले गरेका थिए ।

## मानवअधिकार आयोगले ...

अनुसन्धान तथा अनुगमन गर्न आयोगको केन्द्रीय कार्यालय एवम् प्रदेश नं. २ कार्यालयबाट टोली खटिएको छ । आयोगको केन्द्रीय कार्यालयको टोली ६ बिहानै घटनास्थलतर्फ प्रस्थान गरिसकेको पनि विज्ञप्तिमा जनाइएको छ । विज्ञप्तिमा भनिएको छ, 'आयोगको उक्त टोलीले घटनाको अनुसन्धान तथा अनुगमन गरी तत्काले आयोगमा प्रतिवेदन पेस गर्नेछ । आयोगको उक्त टोलीलाई आवश्यक सहयोग पुऱ्याइदिनुहुन आयोग सम्बन्धित सबै पक्ष तथा सरोकारवालालाई आग्रह गर्दछ ।'

## नेकपाका युवा नेता ...

अपमानपूर्वक गिरफ्तार गरी बेपत्ता बनाएको छ । 'नो ट्वायस नो एनसेल' आन्दोलनका अभियन्तासमेत रहेका अन्तर्राष्ट्रिय जीवन प्रशिक्षक कार्कीलाई नेपाल आज नामको मिडियालाई अन्तर्वार्ता दिँदै गरेको समयमा अपराह्न सवा पाँच बजे प्रहरीले गिरफ्तार गरेको र घिसार्दै अज्ञात स्थलतर्फ लगेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

सामाजिक अभियन्ता युवा नेता कार्की निराश व्यक्तिहरूलाई जीवनमा फर्काउने अद्भुत प्रशिक्षण क्षमताका कारण संसारभर प्रसिद्ध छन् । पुष्पकमल दाहालको पार्टीबाट गत मङ्सिर ८ गते विद्रोह गरी विद्रोही नेकपामा ध्रुवीकृत भएका कार्कीले नेकपामा अन्तर्राष्ट्रिय क्षेत्रसमेत हेर्दै आएका छन् ।

## कुमार पौडेल हत्याकाण्ड ...

रहेका सत्ताधारी नेकपाका सांसद जनार्दन शर्मा 'प्रभाकर' ले समेत प्रहरीले मुठभेडमा मारिएको बताए पनि जनताको रिपोर्टले मुठभेडमा मारिएको नभन्ने भन्दै सत्यतथ्य बाहिर ल्याउन माग गरेका थिए ।

### हत्याको घटनाबारे सदनलाई जानकारी गराउन काङ्ग्रेसको माग

यसैबीच संसद्को प्रमुख प्रतिपक्षी दल काङ्ग्रेसका नेता दिलेन्द्रप्रसाद बडुले नेकपाका सर्लाही इन्चार्ज कुमार पौडेलको हत्याकाण्डबारे संसद्लाई जानकारी गराउन माग गरेका छन् । प्रतिनिधिसभा बैठकमा सोमबार शून्य समयमा बडुले पौडेललाई नियन्त्रणमा लिएपछि मारिएको खबर आएको बताएका हुन् । उनले भने, 'यही असार ५ गते सर्लाहीको लालबन्दी जङ्गलमा दोहोरो भिडन्त भनेर हत्या गरिएका कुमार पौडेललाई नियन्त्रणमा लिएपछि मारिएको भन्ने कुरा स्थानीय तहबाट र छापाहरूमा पर्याप्त आएको छ । यसको यथार्थ के हो ? यसको छानबिन गरेर संसद्मा जानकारी गराइयोस् ।'

बडुले विप्लव नेकपालाई मूलधारमा ल्याउन कुन बाटो खोजिँदैछ ? भनेर जानकारी गराउन पनि माग गरे । 'गृहमन्त्रीज्यूले केही दिनअगाडि संसद्मा सार्वजनिक महत्वका विषयमा वक्तव्य दिँदै विप्लव समूहको हेडक्वार्टरसहित चारवटा कम्पनी बनिसकेको अवस्था जानकारी गराउनुभयो,' उनले भने, 'यो अवस्थामा सरकार कुन रूपमा बाटो खोज्दैछ, यसको जानकारी चाहियो । वार्ता र संवादबाट विप्लव नेकपालाई मूलधारमा ल्याउने कार्यमा ढिलो भइरहेको हामीले महसुस गरिरहेका छौँ ।'

## प्रतिबन्ध र ...

निर्वाचनका बेला जनतासामु दिएका गुलिया नारा, खाएका नक्कली कसम, गरेका भ्रुट्टा भाषण छोटो समयमै निकम्मा साबित भए । देशमा दिन दुगुना, रात चौगुना सत्ताको दलालीकरण, तस्करी र भ्रष्टाचार बढ्दै गएको छ । महँगी, करवृद्धि, कालोबजारी, हत्या, बलात्कार, गुण्डागर्दी र बेरोजगारीले सीमा नाघेको छ । नेपालको प्राकृतिक स्रोत साधन (जल, जमीन र जङ्गल) मा वैदेशिक हस्तक्षेप बढ्दै गएको छ । भूमाफियाहरूको दलालीकरणका कारण खेतीयोग्य जमीन नाश हुँदै र बाँझो हुँदै गएको छ । सत्तामा पुँजी र पहुँच हुनेखानेको हालीमुहाली बढेको छ । इमानदार र दक्ष जनशक्ति निराश हुँदै गएको छ । दलाल संसदीय व्यवस्था र त्यसका नेताको गलत क्रियाकलापका कारण उस्प्रति जनतामा आक्रोश र तीव्र घृणा पैदा भएको छ । न्यायको आवाज उठाउने असल पार्टीमाथि प्रतिबन्ध लगाइएको छ । राज्य त्यागी, इमानदार कार्यकर्ताको दमनमा उत्रिएको छ । स्थायी समितिका सदस्य क. सुदर्शन, अनेमसङ्घकी अध्यक्ष बन्धु चन्दलगायत सयौँ नेता-कार्यकर्तालाई जेलमा कोचिएको छ । नेकपाका केही कमरेडहरूको सहादत भइसकेको छ । केही कमरेडहरू घाइते भएर जीवनमरणको लडाइँ लडिरहनुभएको छ । अन्य कार्यकर्तालाई अन्यायका विरुद्ध बुलन्द गर्ने आजावमाथि प्रतिबन्ध लगाइएको छ । संविधानले दिएको नैसर्गिक अधिकारको प्रयोग त के उनीहरूलाई सरकार नागरिक मान्नसमेत तयार छैन । उल्टै नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापाले मृत्यु हुने र घाइते हुनेहरू नेपाली नागरिक होइनन् भन्दै बक्बक् गरे । उनले जबाफ दिनुपर्छ ती कुन देशका नागरिक हुन् ? यस्तो गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिन मिल्छ कि मिल्दैन ? हुनत जसको भित्री क्षमता जति छ त्यही व्यवहारमा व्यक्त हुन्छ । यसमा हाम्रो भन्नु केही छैन तर जसले गणतन्त्र प्राप्तिका लागि ठूलो योगदान पुऱ्यायो उसैमाथि यति ठूलो आरोप लगाउनु सत्ताधारीको वैचारिक अवसानको सङ्केत हो । सत्य कदापि डग्दैन । झूटो कदापि टिक्दैन । यसको फैसला इतिहासका निर्माता नेपाली जनताले गर्ने नै छन् । जनताले सरकारका विरुद्ध चर्को आवाज उठाइरहेका छन् ।

दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी सत्ता स्थापनाको महान् कार्यमा अगाडि बढ्नु आजको एक मात्र विकल्प बन्न गएको छ । वैज्ञानिक समाजवादी सत्ताबाट मात्रै शान्ति, समृद्धि, समानता र सुशासन कायम हुनेछ । त्यो नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा हुने एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत मात्रै सम्भव छ । त्यसैले सम्पूर्ण परिवर्तनका पक्षधर देशप्रेमी शक्तिहरूले यसका वरिपरि गोलबन्द भएर अगाडि बढ्नु आजको ज्वलन्त आवश्यकता भएको छ ।

## कुमार पौडेलका हत्यारा ...

गर्दै राजनीतिक आस्था र विचारका आधारमा जबरजस्ती रूपमा कसैलाई पनि पक्रन, थुन्न, बेपत्ता पार्ने र हत्या गर्ने कार्य अन्तर्राष्ट्रिय कानुन, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौता, नेपालको संविधान र प्रचलित नेपाल कानुनविपरित रहेको जनाएका छन् ।

उनको विज्ञप्तिमा भनिएको छ, 'मानवअधिकारको सवालमा संवेदनशील भई शान्तिसुरक्षाको व्यवस्था गर्नुपर्ने दायित्व भएको नेपाल सरकार, गृह मन्त्रालय र यस मातहतका राज्यका निकायको यसप्रकारको क्रियाकलाप र मौनताप्रति जनअधिकार अभियान नेपाल गम्भीर चासो र चिन्ता व्यक्त गर्दै खेद प्रकट गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'सर्लाही जिल्ला लालबन्दी नगरपालिका वडा नं १ लखन्ती नदीछेउको जङ्गलमा प्रहरीद्वारा दोहोरो मुठभेडका क्रममा विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेललाई मारिएको भनी विभिन्न सञ्चारमाध्यममा आएका समाचारप्रति जनअधिकार अभियान नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीद्वारा जारी प्रेसविज्ञप्तिमा असार ५ गते राजनीतिक कार्यक्रम सकेर फर्कँदै गर्दा सर्लाही लालबन्दी १ लखन्ती खोलामा जिल्ला इन्चार्ज कुमार पौडेललाई मुठभेड नभई आफ्नो नियन्त्रणमा लिएर बर्बरतापूर्वक सरकारले हत्या गरेको कुरा उल्लेख छ ।'

भण्डारीले वक्तव्यको अन्त्यमा भनेका छन्, 'उक्त घटनाको सत्यतथ्य छानबिन गर्न, दोषीहरूलाई कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न, मानिसको सम्मानपूर्वक बाँच्न पाउने हकको रक्षा गर्न, राजनीतिक क्रियाकलापमा सहभागी भई आफ्ना विचार व्यक्त गर्न पाउने अधिकारको सुनिश्चितता गर्न, भविष्यमा यस्ता घटना हुन नदिन र मानवअधिकारको सम्मान गर्न नेपाल सरकार, राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रसङ्घका नेपालस्थित कार्यालयहरू, मानवअधिकारका क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थालगायत सम्पूर्ण सम्बन्धित सरोकारवाला निकायसमेतको ध्यानाकर्षण गराउँदै मानवअधिकारको रक्षा, संरक्षण र संवर्द्धन गर्नका लागि सम्बन्धित सबैमा जनअधिकार अभियान नेपाल आग्रहसमेत गर्दछ ।'

अभियानले राजनीतिक विवादका विषयवस्तुहरू वार्ता, संवाद र छलफलबाट समाधान गर्न सम्बन्धित पक्षहरूसँग अनुरोध गर्ने गरेको छ । अभियानले कुमार पौडेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उनको परिवारप्रति गहिरो समवेदना पनि प्रकट गरेको छ ।

## सरकारी बर्बरताका ...

जारी गर्दै महासचिव विप्लवले देशलाई भयानक भिडन्ततिर धकेल्ने र सत्ता लम्ब्याउने बदनियतले निःशस्त्र कार्यकर्तालाई नियन्त्रणमा लिँदै हत्या गरेको भन्दै नेपाल बन्द घोषणा गरेका थिए । गैरन्यायिक हत्यामाथि पर्दा हाल्न सरकारले कथित भिडन्तको कथा सार्वजनिक गरेको उल्लेख गर्दै उनले हत्या गरिएका कुमार पौडेललाई सहिद घोषणा गरेका थिए । साथै क्रान्तिको प्रक्रियामा बदला लिने प्रतिबद्धता व्यक्त गर्दै र सक्रिय रक्षामा रहँदै वली सरकारको षड्यन्त्रविरुद्ध सशक्त प्रतिरोध गर्न पार्टी नेता-कार्यकर्तालाई आह्वान गरेका थिए ।

## नेता भुसाललाई ...

निरन्तर लाग्दै आउनुभएका भेषराज भुसालकी आमाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरिन्छ । साथै शोकसन्तप्त कमरेड भेषराज भुसाल, उहाँका आदरणीय बुबा र सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना व्यक्त गरिन्छ ।'


### हार्दिक श्रद्धाञ्जली

मन्थली न.पा ४, रामेछाप निवासी हाम्रो संगठनका केन्द्रीय सदस्य सुशिल बलम्पाकीका बुबा **गणेश बहादुर मगर** को ६६ वर्षको उमेरमा यही मिति २०७६ असार २ गते दुःखद निधन हुन गएकोले **हार्दिक श्रद्धाञ्जली** साथै शोकसन्तप्त परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**जनगणतान्त्रिक सम्पर्क मञ्च**
**केन्द्रीय समन्वय समिति**


# भूमिहीन सुकुमबासी सङ्घद्वारा कुमार पौडेललाई सङ्गठनका प्रथम सहिद घोषणा

अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घले सङ्घका केन्द्रीय सल्लाहकार समितिका संयोजक कुमार पौडेलको हत्याप्रति आक्रोश व्यक्त गर्दै पौडेललाई सङ्घका तर्फबाट प्रथम सहिद घोषणा गरेको छ ।

सङ्घका अध्यक्ष ओमप्रकाश पुनले ६ गते विज्ञप्ति जारी गरी भनेका छन्, 'सङ्घका केन्द्रीय सल्लाहकार समितिका संयोजक कुमार पौडेललाई केपी वलीको सामाजिक दलाल फासिवादी सरकारको हत्यारो पुलिसले यही असार ५ गते सर्लाही जिल्लाको लालबन्दी १ लखन्ती खोलामा कथित मुठभेडका नाममा गोली हानी निर्ममतापूर्वक हत्या गरेको घटनाप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ । हामी केपी वलीको दलाल सरकारको जनहत्यारो पुलिसको यसप्रकारको गैरन्यायिक हत्याको घोर निन्दा एवम् भर्त्सना गर्दछौँ ।'

अध्यक्ष पुनको विज्ञप्तिमा अगाडि भनिएको छ, 'सर्लाहीलगायत देशभरका भूमिहीन सुकुमबासीहरूको हक, अधिकार र मुक्तिका खातिर दिनरात क्रियाशील योद्धा कमरेड कुमार पौडेलको कायरतापूर्ण हत्याले हामी सम्पूर्ण भूमिहीन सुकुमबासीलाई निकै मर्माहत बनाउनुका साथै आक्रोशित पनि बनाएको छ । हामी यो हत्याको विरुद्धमा देशभरका भूमिहीन सुकुमबासीहरूलाई एकताबद्ध भएर सङ्घर्षमा उत्रिन अपिल पनि गर्दछौँ । हामी हाम्रो सङ्गठनका तर्फबाट कमरेड कुमार पौडेललाई सङ्गठनको प्रथम सहिद पनि घोषणा गर्दछौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'उहाँको हत्याका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको असार १० गतेको नेपाल बन्दलगायत कार्यक्रमप्रति पूर्ण सहभागिता र ऐक्यबद्धता पनि जनाउँछौँ । हामी हाम्रो सङ्गठनका अभिभावक तथा जुझारु योद्धा कमरेड कुमार पौडेलको कायरतापूर्ण हत्याको बदला लिने र शोकलाई शक्तिमा बदल्ने प्रण पनि गर्दछौँ । यसमा मानवअधिकारकर्मी, नागरिक समाज, मित्र सङ्गठन, सञ्चारकर्मी, बुद्धिजीवी र न्यायप्रेमी जनसमुदायलाई आआफ्नो ठाउँबाट सहयोग गरी गैरन्यायिक हत्याको निष्पक्ष छानबिन गरिदिन पनि हार्दिक अपिल गर्दछौँ ।'

सङ्गठनले हामी शोकाकुल परिवारप्रति गहिरो समवेदना र सहिद कुमार पौडेलप्रति हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गरेको छ ।

# आन्दोलन सफल पार्न नेकपाको आह्वान

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले वली सरकारद्वारा सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या र फासिवादी हर्कतका विरुद्ध भोलि मङ्गलबारका लागि पार्टीले आह्वान गरेको नेपाल बन्द पूर्ण सफल पार्न सक्रिय भएर लाग्न पार्टीका सबै तह र तप्कालाई निर्देशन दिएको छ ।

ब्युरो इन्चार्ज निर्माणले सोमबार वक्तव्य जारी गर्दै पार्टीले सरकारको हत्या, हिंसा र सबैखाले ज्यादतिका विरुद्ध आयोजना गरेको नेपाल बन्दलगायत आन्दोलनका कार्यक्रम सफल पारिदिन अपिल पनि गरेका छन् । सरकारको फासिवाद, नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको गैरन्यायिक हत्या, राष्ट्रघातलगायतका कदमविरुद्ध नेकपाले असार १० गते नेपाल बन्दसहित आमहडतालको कार्यक्रम सार्वजनिक गरेको छ ।

सरकारले गरेका राष्ट्रघात, जनघातविरुद्ध, जनतन्त्रका पक्षमा नेकपा आन्दोलित रहेको र बौद्धिक समुदायसँग खुला रूपमा छलफलमा आउन चाहेको भए पनि वली सरकारले युद्ध भड्काउने दुष्प्रयास गरिरहेको निर्माणको वक्तव्यमा उल्लेख छ । उनले भनेका छन्, 'सामाजिक फासिवादी दलाल सरकार र पार्टी नियन्त्रणमा लिइएका हाम्रो पार्टीका कमजोर चेतना र आत्मबल भएका मानिसलाई आत्मसमर्पण गराउने र राजनीतिक रूपमा दृढ भएकाहरूलाई कथित मुठभेडका नाउँमा हत्या गर्ने वा आजीवन जेल हाल्ने काम गरिरहे पनि हाम्रो पार्टी जनतामा लोकप्रिय बनिरहेको छ ।'

उनले अत्यावश्यकीय मानवीय संवेदनाका साधनबाहेक सबै क्षेत्र बन्द गरिएर नेपाल बन्द सफल बनाइदिन जनसमुदायमा अपिल पनि गरेका छन् ।

# ४० भन्दा बढी गुठी संस्थाका हजारौँद्वारा माइतीघरमा प्रदर्शन

**काठमाडौँ** : केपी वली सरकारले गुठी विधेयक खारेज नै गर्नुपर्ने मागसहित बुधबार हजारौँ प्रदर्शनकारी काठमाडौँको माइतीघरमा भेला भएका छन् । गुठी विधेयकविरुद्ध संयुक्त प्रतिरोध कार्यक्रमका नाममा आन्दोलन गरिरहेको आयोजक सङ्गठनले काठमाडौँ उपत्यकाका ४० भन्दा बढी गुठीसम्बन्धी संस्थाका हजारौँ सरोकारवालालाई प्रदर्शनमा उतारेको हो ।

गुठी विधेयक पारित गरेरै छोड्ने ढिट लिएर बसेको वली सरकार व्यापक जनदबाबका कारण मङ्गलबार विधेयक फिर्ता लिन बाध्य भएको थियो । प्रधानमन्त्री वलीले भने पत्रकार सम्मेलनमा विधेयक स्थगन मात्र भएको बताएका थिए तर भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले विधेयक फिर्ता लिएको घोषणा गरेकी थिइन् । गुठीसँग सरोकारवाला जनसमुदायले उक्त विधेयक स्थगन र फिर्ता मात्र होइन, खारेज नै गर्नुपर्ने माग गर्दै प्रदर्शन गरिरहेका छन् ।

'सामन्ती संस्कृतिको पक्षपोषण गर्दै आएको' दाबी गर्दै केही दिनअघि सञ्चारमन्त्रीले विधेयक जस्ताको तस्तै पारित गरेरै छोड्ने दाबी गरेका थिए । देशभर विधेयकविरुद्ध जनआक्रोश बढ्दै गएपछि सरकारले मङ्गलबार अबेर गुठी विधेयक फिर्ता लिएको घोषणा गरेको थियो । काठमाडौँ उपत्यकालगायतका गुठियारले त्यसबाट चित्त बुझाएका छैनन् । गुठी पक्षधरहरूले विधेयक फिर्ता लिएर मात्रै नहुने र त्यसलाई खारेज नै गर्नुपर्ने माग राख्दै दैनिक प्रदर्शन गर्दै आएका छन् ।

सरकारले विधेयक फिर्ता लिए पनि बुधबार माइतीघरमण्डला क्षेत्रमा दिनभर विरोध प्रदर्शन भएको छ । प्रदर्शनका अगुवा आन्दोलनकारीले विधेयक खारेज नभएसम्म आन्दोलन नरोकिने बताएका छन् । काठमाडौँ उपत्यकाका विभिन्न ठाउँबाट बुधबार बिहानै निस्केको जुलुस माइतीघरमण्डलामा पुगेको थियो । प्रदर्शनकारीहरूले भनेका छन्, 'सरकारले गुठी विधेयक खारेज नगर्दासम्म आन्दोलन जारी रहन्छ ।'

स्मरणीय छ, नेपाल कम्युनिस्ट पार्टीले आन्दोलनकारीका पक्षमा समर्थन गर्दै कही दिनअघि वक्तव्य जारी गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले जेठ २९ गते विज्ञप्ति जारी गर्दै भनेका थिए, 'सामाजिक दलाल सरकार एकपछि अर्को गरी जनअधिकार कुल्चिँदै फासिवादको अभ्यास गरिराखेको छ । यसैगरी सदनमा प्रस्तुत गरिएको गुठी विधेयक पनि एउटा यसैको उदाहरण हो । गुठीलाई आधुनिकीकरण र न्यायपूर्ण परिचालन गर्नुपर्छ । तर पछिल्लो समय गुठी व्यवस्थित गर्ने नाममा सरोकारवाला पक्षसँग छलफलै नगरी नागरिकको सांस्कृतिक भावनाको कदर र सम्पूर्ण सुरक्षाको योजना नबनाई किन विधेयक निर्माण गरिँदैछ । तसर्थ यसको विरुद्ध उठेका जनताको शान्तिपूर्ण र बैधानिक सङ्घर्षमा जुन बर्बर दमन भयो, हाम्रो पार्टी त्यस ख़ाले दमनको घोर निन्दा गर्दछ । साथै उक्त वैधानिक र न्यायपूर्ण आन्दोलनमा घाइते भएकाहरूको उचित उपचारको व्यवस्थापन गर्न र न्यायपूर्ण समाधानका लागि जोडदार माग गर्दछौँ ।'

# नेकपाको ब्युरो सदस्य गम्भीरसहित ४ जना गिरफ्तार

**रुकुम** : नेपाल कम्युनिस्ट पार्टीका राप्ती ब्युरो सदस्य गम्भीरलगायत चारजनालाई मङ्गलबार रुकुमबाट प्रहरीले गिरफ्तार गरेको छ ।

त्रिवेणी गाउँपालिकामा रहेको घरमा बसिरहेको अवस्थामा मंगलबार बिहान पार्टीका राप्ती ब्युरो सदस्य गम्भीर, रुकुम जिल्ला सदस्य तथा आठबिसकोट नगरपालिका सेक्रेटरी छवि घर्ती, युवा सङ्गठन नेपाल रुकुमपश्चिमका उपाध्यक्ष विवेक विक र दीर्घ गहतराजलाई बिनाकारण गिरफ्तार गरिएको नेकपा रुकुमले जनाएको छ ।

चारजनालाई एकै ठाउँबाट घरमा बसिरहेको अवस्थामा बिनाकारण गिरफ्तार गरिएको भन्दै नेपाल कम्युनिस्ट पार्टीले रिहाइको माग गरेको छ ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९८ रातोखबर

नियमित

# सरकारी दमन र प्रतिरोध सङ्घर्ष

✍ मजदुर किसान

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी यतिबेला देशव्यापी रूपमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने एकीकृत जनक्रान्तिको महान् अभियानमा अगाडि बढिरहेको छ। हाम्रो अभियानको लहर अभियानको व्यापकता र यसको बहुआयामिक सफलता देखी आम न्यायप्रेमी जनसमुदायमा उत्साह, उमङ्ग र आशाको रक्तसञ्चार भएको छ भने अर्कोतर्फ यसको सफलता निकट आउँदै गरेको यसको विजय र आफ्नो तथाकथित व्यवस्थाको शर्मनाक पराजयबाट अत्तालिएर सामाजिक फासिवादी दलाल सरकारले हाम्रो पार्टी र क्रान्तिकारी आन्दोलनलाई प्रतिबन्ध लगाउँदै हाम्रो पार्टीका नेता, कार्यकर्ता र समर्थकविरुद्ध हत्या, गिरफ्तार र झूट्टा मुद्दाको अनैतिक अभियान नै चलाएको छ।

सरकारले हाम्राविरुद्ध कपोलकल्पित घटनाहरू बनाउने, राजनीतिक आन्दोलनलाई अपराधसँग जोड्ने र एकीकृत जनक्रान्तिले राखेको सुन्दर समाज निर्माणको अभीष्टमाथि विष बमन गर्ने र कतिसम्म भने हाम्रो अभियानलाई आतङ्कवादसँग जोडेर हामीलाई निर्मूल र निस्तेज गर्न राज्यशक्तिको दुरुपयोग गरी हाम्रा विरुद्ध प्रहरी प्रशासन परिचालन गर्ने र हाम्रा निहत्था कार्यकर्तालाई आफ्नो कब्जामा लिई गोली प्रहार गरेर हत्या गर्ने घृणित कार्यमा यो फासिवादी दलाल सत्ता उत्रिएको छ। अब क्रान्तिकारी पार्टी न्यायप्रेमी जनसमुदाय र देशभक्त शक्तिहरू मिलेर प्रतिरोध सङ्घर्षको उठान गर्नुपर्ने बाध्यात्मक परिस्थिति हाम्रो अगाडि आइपुगेको छ।

**के हामी तयार छौँ ?**

जब राज्य राजनीतिक सङ्घर्षमा पराजित हुन्छ, जब शासकहरू वैचारिक सङ्घर्षमा पराजित हुन्छ, जब सत्ता आफ्नो व्यवस्था स्थापित गर्ने उद्देश्यमा शर्मनाक पराजय बेहोर्छ, उसले आफ्नो सत्ता रक्षार्थ बन्दुकको प्रयोग गर्दछ र क्रान्तिकारीहरूलाई बन्दुकको घेराभित्र कैद गर्ने दुष्प्रयास गर्दछ। आज हाम्रो आन्दोलनको अगाडि राज्यद्वारा तेर्स्याइएको बन्दुक मुख्य चुनौतीका रूपमा आएको छ। क्रान्तिका विरुद्ध, जनताको न्यायपूर्ण आन्दोलनका विरुद्ध उठेका मुठीभर दलालहरूको दुस्साहसपूर्ण बन्दुकका विरुद्ध के हामी न्यायपूर्ण बन्दुक उठाउन सक्छौँ ? पक्कै पनि सक्छौँ र सक्नुपर्छ। फेरि पनि प्रश्नहरू छन्- के बन्दुक नै समाधान हो त ? पक्कै पनि होइन तर बाध्यात्मक परिस्थितिले हामीलाई त्यतै धकेलिरहेको अनुभूति हुँदैछ। इतिहाससिद्ध कुरा यो पनि छ- सामन्ती, रूढिवादी सत्ताद्वारा जनता र क्रान्तिका विरुद्द उज्याइएका हतियारहरू जति नै शक्तिशाली हुन्, ती नयाँ विचार र जनताको शक्तिसँग हारेका छन्। अहिलेको परिवेशमा दलाल सामाजिक फासिवादीहरूले हाम्राविरुद्ध उज्याएका शक्तिशाली हतियारहरू पनि हाम्रो एकीकृत जनक्रान्तिको नूतन विचारसँग पराजित हुनेछ मात्र हामीले हाम्रो आदर्श ठानेको, हाम्रो जीवन मानेको सहिदको रगतले लत्पतिएको एकीकृत जनक्रान्तिको झन्डालाई पक्डिँदै प्रतिरोध सङ्घर्षमा होमिन जरुरी छ। असत्यको हार र सत्यको जितलाई रोक्ने शक्ति यो बह्माण्डमा कसैसँग छैन। हामी न्यायको बाटोमा छौँ। हामी सत्यको यात्रामा छौँ र हामी जित्छौँ-जित्छौँ।

हाम्रो आह्वान छ सुरक्षा निकायका अफिसर तथा जवान साथीहरूसँग- यो सङ्घर्ष कुनै पनि सुरक्षा निकायसँगको होइन। हाम्रो आन्दोलन दलाल संसदीय व्यवस्था र यसले खडा गरेको भ्रष्टाचार, कमिसन, लुट, राष्ट्रघात, जनघातका विरुद्ध हो। हामी के मान्छौँ भने हरेक क्षेत्रमा रहेका इमानदार, देशभक्त नागरिकहरू एकीकृत जनक्रान्तिका सिपाही हुन् र हरेक क्षेत्रमा देशलाई टाट पल्टाउने दलालहरू यसको निसानामा छन्। देशलाई बर्बादीको खाडलबाट मुक्त गर्ने दायित्व सबैको बराबरको हो। आउनुहोस् सहकार्य गरौँ। दलालहरूको विरुद्धमा संयुक्त सङ्घर्षको उठान गरौँ। बन्दुकले सत्ता टिकेको इतिहास छैन र अब पनि टिक्दैन।

# सर्लाही इन्चार्ज कुमार पौडेलको टाउको र हातमा गोली हानी हत्या

## पार्टीद्वारा क्रान्तिबाटै बदला लिने चेतावनी



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले पार्टीका सर्लाही जिल्ला इन्चार्ज तथा जनकपुर ब्युरो सदस्य कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिइसकेपछि हात र टाउकोमा गोली प्रहार गरी हत्या गरेको तथ्य सार्वजनिक गरेको छ। पार्टीका जनकपुर ब्युरो इन्चार्ज अरुणले बिहीबार साँझ विज्ञप्ति जारी गर्दै पौडेललाई सहिद घोषणा गरेका छन्।

अरुणको विज्ञप्तिमा लेखिएको छ, 'केपी-पीके सामाजिक दलाल सरकारले हाम्रो पार्टीका सर्लाही जिल्ला इन्चार्ज तथा जनकपुर ब्युरो सदस्य कमरेड कुमार पौडेललाई आज बिहीबार दिउँसो करिब सवा एक बजे सर्लाहीको लालबन्दी नगरपालिका वडा नं. १ लखन्ती खोलामा साथीहरू कुरिरहेको अवस्थामा नियन्त्रणमा लिएर चिनिसकेपछि एक गोली हातमा र अर्को गोली टाउकोमा प्रहार गरी कायरतापूर्वक हत्या गरेको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'बागमती नगरपालिका वडा नं. २ धरहरा घर भएका कमरेड कुमार पौडेललाई नेपाल कम्युनिस्ट पार्टी महान् सहिद घोषणा गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ। नेपाल कम्युनिस्ट पार्टी यो गैरन्यायिक हत्याको विरोध र भर्त्सना गर्दछ र वली सरकारको राज्यआतङ्क र हत्याको बदला एकीकृत जनक्रान्तिकै माध्यमबाट लिने प्रतिबद्धता पनि व्यक्त गर्दछ।'

ब्युरो इन्चार्ज अरुणको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'हाम्रो पार्टीका जुझारु एवम् कर्तव्यनिष्ठ कमरेड कुमार पौडेलको बलिदानले पार्टी र आन्दोलनलाई ठूलो क्षति पुगेको छ। हामी शोकसन्तप्त परिवारजन र पार्टीपङ्क्तिप्रति गहिरो समवेदना प्रकट गर्दछौँ। हाम्रो पार्टी सहिदहरूको बलिदान खेर जान नदिने साथै एकीकृत जनक्रान्ति सफल गरिछाड्ने प्रतिबद्धता प्रकट गर्दछ।'

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला।



सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,

Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

## वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र मूल्य अभिवृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र देहायका कारोबारलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानुनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस्, विद्युतीय सफ्टवेयर, भन्सार एजेन्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय,

अतः मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको संशोधित व्यवस्था मिति २०७६/०२/१५ देखि लागु भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोबार गर्ने व्यक्तिहरुले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोबार रहेको क्षेत्रको आन्तरिक राजश्व कार्यालय वा करदता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिवृद्धि करमा दर्ता हुन सूचित गरिएको छ।

नेपाल सरकार
अर्थमन्त्रालय
**आन्तरिक राजश्व विभाग**

## खानेपानी आपुर्ती संरचनाहरुको प्रगति समीक्षा

| | काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | थोक वितरण प्रणाली निर्माण | ७६ | कि.मि. | ७३ |
| २ | थोक वितरण प्रणाली (Flushing & Testing) को काम | ७६ | कि.मि. | २८ |
| ३ | पानीपोखरी निर्माण कार्य | १० | वटा | ९ |
| | कूल क्षमता | ७४,५०० | घ.मि. | ६८,५०० |
| ४ | वितरण प्रणाली निर्माण कार्य | १००० | कि.मि. | ८२७ |
| ५ | धारा जडान गर्ने कार्य | १,१०,६७९ | थान | ६३,६५९ |
| ६ | सडक मर्मत कार्य | ११० | कि.मि. | ३४ |

### काठमाडौं उपत्यका फोहर पानी व्यवस्थापन आयोजना

| | कार्यहरु | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | नदी खोलाको दुबै किनारमा इन्टरसेप्टर ढल निर्माण | | | |
| | हनुमन्ते इन्टरसेप्टर (IS-01) पाइप बिछ्याउने काम | २५.३५ | कि.मि. | १५.३ |
| | मनोहरा इन्टरसेप्टर (IS-02) पाइप बिछ्याउने काम | ११.३६ | कि.मि. | ४.८ |
| | खस्याङ्खुसङ इन्टरसेप्टर (IS-03) पाइप बिछ्याउने काम | ७.६८ | कि.मि. | ४.८ |
| २ | फोहर पानी प्रशोधन केन्द्रहरू (WWTP) को निर्माण | | | |
| | गुह्येश्वरी WWTP (प्रशोधन क्षमता ३ करोड २४ लाख लिटर प्रतिदिन) | | प्रतिशत | ८५.९ |
| | सल्लाघारी WWTP (प्रशोधन क्षमता १ करोड ४२ लाख लिटर प्रतिदिन), बालकुमारी WWTP (१ करोड ७५ लाख लिटर प्रतिदिन) तथा धोबीघाट WWTP (७ करोड ४० लाख लिटर प्रतिदिन) | | प्रतिशत | ४.९ |

काठमाण्डौ पानी

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९, फोन नं: ४२२२९८६, ४२२४९८६ एक्स्टेन्सन १३१, फ्याक्स: ४२२४०५७
www.kuklpid.org.np

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड,**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ